लेखापरीक्षण प्रतिवेदन

सुन्दरबजार नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सुन्दरबजार नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83

मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/327

श्रीमान् प्रमुखज्यू,

सुन्दरबजार नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, लमजुङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/327

श्रीमान् प्रमुखज्यू ,

सुन्दरबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

लमजुङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु.१ अर्ब ५५ करोड ६३ लाख ५१ हजार लेखापरीक्षण गरिएकोमा रु.१ करोड ८२ लाख १८ हजार (१.१७ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.३९ लाख ४६ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.७ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.७१ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.५९ लाख ०१ हजार, र पेस्की बाँकी रु.४ लाख ७० हजार रहेको छ। गत वर्षसम्म रु.१५ करोड ०३ लाख ०४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१५ करोड १५ लाख १७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित् अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रबन्ध, स्रोत सुनिश्चितता र बजेट

व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या				दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६३	१६३	१,८२,१८,५७८	०	३६	३९,४६,७८५	०	६३	१२७	१,४२,७१,७९३	७,८४,५४५	७१,१५,८७०	५९,०१,३७८	०	०	१,३०,१७,२४८	४,७०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
लमजुङ	१५,०३,०४,४५७	०	१,३०,५८,९१७	१३,७२,४५,५४०	०	१,४२,७१,७९३	१५,१५,१७,४१६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	सामाजिक सुरक्षा तथा संरक्षण तर्फ	४,३७५
२	२०८१/८२	सशर्त बजेटबाट कोषमा रकम ट्रान्सफर	२,१८,८१३
३	२०८१/८२	शैक्षिक गुणस्तर कार्यक्रम	८,१०८
४	२०८१/८२	विज्ञापन बोर्ड शुल्क	७,०८०
५	२०८१/८२	म्याद नाघेको पेस्की	३४,९५,४४४
६	२०८१/८२	बढी भुक्तानी	३,१०५
७	२०८१/८२	पारिश्रमिक कर	१७,५५२
८	२०८१/८२	निशुल्क पाठ्यपुस्तक अनुदान	१,३७,१६३

९	२०८१/८२	घटी अग्रिम कर कट्टा	१३,०९५
१०	२०८१/८२	औषधि रिप्याकिङ	४२,०५०
११	२०८०/८१	हराएको परिमाणको ठेक्का आह्वान	१२,०००
१२	२०८०/८१	सुन्दरबजार अस्पताल तर्फ	५८,३६,७७३
१३	२०८०/८१	वैंक हिसाव मिलान	१४,५७,६०४
१४	२०८०/८१	दहत्तर बहत्तरको शुल्क र व्याज असुली	१,९८,८८०
१५	२०८०/८१	औषधी खरिद	२४,२८,१५३
१६	२०७९/८०	लघु उद्यम विकास कार्यक्रमः	२९,५५०
१७	२०७९/८०	प्र. अ. र शिक्षकका लागी विद्यालय मार्फत प्रोत्साहन अनुदानः	२,००,०००
१८	२०७९/८०	पेश्की बाँकीः	१५,९७,०००
१९	२०७९/८०	पूर्वनिर्धारित क्षतिपूर्तिः	२,०३,०११
२०	२०७९/८०	नमुना मा वि अनुदानः	१०,९३,३९६
२१	२०७९/८०	दोहोरो अनुगमन सुविधाः	२,५५०
जम्मा			१,७०,०५,७०२

सुन्दरबजार नगरपालिका, लमजुङ

(८०४३७४०४३००)

सुन्दरबजार नगरपालिका , लमजुङ

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा वडा संख्या ११ रहेको छ भने क्षेत्रफल ७२.०३ वर्ग किलोमिटर र २६ हजार ८६४ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१३ देखि २०८२।५।१८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको यस आर्थिक वर्ष २०८१।०८२ को आय-व्यय गरी रू.१ अर्ब ५५ करोड ६३ लाख ५१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची -२ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.२०२१९६।- असुली भई सञ्चित कोष दाखिला भएको भएको छ ।

क्र.स.	विवरण	रकम
१.	दोहोरो बैठक भत्ता भुक्तानी	६३७५
२.	मालिका कन्ट्रक्सनबाट व्याज असूली नभएको	४०००
३	रेशम एण्ड गौली कन्ट्रक्सनको व्याज असूली नभएको	२७८३
४	सामाजिक सुरक्षामा बढी भुक्तानी भएको	७८११३
५	नपाउने यातायात खर्च भुक्तानी	४५००
६	बढी प्रशिक्षक भत्ता, भ्रमण भत्ता र अन्य भत्ता	४५२२५
७	प्रविधि हस्तान्तरणको लागत साझेदारी नभएको	६१२००
जम्मा		२०२१९६।-

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ ।

आय तर्फ		व्यय तर्फ	
विवरण	रकम	विवरण	रकम
गत वर्षको जिम्मेवारी रकम (अ.ल्या)	६५,७३१,२७१.०४	नगरपालिका चालु तर्फ	४४६,३११,१०९.२६
संचित कोष	५१,०४६,९०९.९४	नगरपालिका तर्फ	१४८,६५६,१७६.४९
धरौटी	७,४५५,४४५.६६	संघीय सरकार हस्तान्तरित	२७६,३२९,५८१.६९
विविध खर्च खाता	१,९६३,८२४.५५	विशेष अनुदान	२१,३२५,३५१.०८
विविध कोष खाता	४,७८७,७७८.००	जम्मा	
प्रकोप व्यवस्थापन कोष	४७७,३१२.८९		
		नगरपालिका पूंजिगत तर्फ	११९,३२३,४४८.९६
राजस्व तर्फ	१५,३५८,४४९.१९	नगरपालिका पुँजीगत	८८३४३८७२.५
आन्तरिक राजस्व	१३,६५८,१०४.५७	सशर्त अनुदान पुँजीगत	२३,९९८,६१६.४६
विभाज्य कोषबाट प्राप्त राजश्व	१,७००,३४४.६२	समपुरक अनुदान पुँजीगत	३,८७३,९९६.००
		विशेष अनुदान	३,१०६,९६४.००
		अन्तर सरकारी अख्तियारी कार्यक्रम संघ	१६२,००८,५८८.४३
		सामाजिक सुरक्षा तथा संरक्षण	१४६,८६६,३७४.००
वित्तीय हस्तान्तरण तर्फ (संघ)	५४६,७५३,६१२.५५	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७,४९५,७७९.४३
बाँडफाँटबाट प्राप्त राजश्व -संघ	९२,५५३,१७८.५५	एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	७,४६३,६४५.००
वित्तीय समानीकरण अनुदान	९६,८९८,५६०.००	रोजगार प्रवर्द्धन कार्यक्रम	१८२,७९०.००
सशर्त अनुदान चालु	३०३,०२४,३००.००		
सशर्त अनुदान पुँजीगत	३२,३०८,६५०.००	अन्तर सरकारी अख्तियारी कार्यक्रम प्रदेश	
विशेष अनुदान	२१,९६८,९२४.००	ऋण फिर्ता(सावा)	
		ऋण ब्याज भुक्तानी	
वित्तीय हस्तान्तरण तर्फ (प्रदेश)	४०,८८६,४४५.८३	धरौटी सदर स्याहा/ भुक्तानि	२,०६०,६००.००
वित्तीय समानिकरण अनुदान	१३,७५५,०००.००	कार्य संचालन कोषबाट भएका भुक्तानी	३,२९४,१९१.००
विशेष अनुदान चालु	३,१०७,०००.००	अन्य कोष बाट भएको खर्च	-
समपुरक अनुदान पुँजीगत	४,००३,०००.००	गैर सरकारी संस्थाबाट संचालित योजना	-
बाँडफाँटबाट प्राप्त राजश्व -प्रदेश	२०,०२१,४४५.८३	अन्य सहयोगमा संचालित योजना	-
अन्तर सरकारी अख्तियारी कार्यक्रम	१६२,००८,५८८.४३	अन्य खर्च भएमा	-
सामाजिक सुरक्षा तथा संरक्षण	१४६,८६६,३७४.००	अनुदान फिर्ता	-
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७,४९५,७७९.४३	१. संघ तर्फ	३५,६४८,३२४.७७
एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	७,४६३,६४५.००	क) सशर्त अनुदान	३५,००४,७५१.८५

रोजगार प्रवर्द्धन कार्यक्रम	१८२,७९०.००	ख) विशेष अनुदान	६४३,५७२.९२
		ग) समपूरक अनुदान	-
अन्य तर्फ	२२,५६५,२९३.८८	१. प्रदेश तर्फ	१२९,०४०.००
जनसहभागिता	९,६३४,५८७.७४	क) सशर्त अनुदान	१२९,००४.००
विविध खर्च खाता थप	६,४४०,९१८.८३	ख) विशेष अनुदान	३६.००
धरौटी	४,१६२,७७१.३१	ग) समपुरक अनुदान	-
विविध कोष खाता थप	२,३२७,०१६.००	अन्तिम मौज्दात	८४,५३२,०७४.५०
		संचित कोष	६२,२६८,०८२.२६
		धरौटी	९,५५७,६१६.९७
		विविध कोष खाता	७,११४,७९४.००
		प्रकोप व्यवस्थापन कोष	४७७,३१२.८९
		विविध खर्च खाता	५,११४,२६८.३८
भुक्तानी बाँकी दायित्व	३,७१६.००		
कुल जम्मा	८५३,३०७,३७६.९२	कुल जम्मा	८५३,३०७,३७६.९२

३ प्राप्ति र भुक्तानीको एकीकृत विवरण

३.१ **वित्तीय प्रतिवेदन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा संशोधनसहित स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा अनुसूचीमा समावेश गरिएको छ ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **फरक जिम्मेवारीको खुलासा:** पालिकाको प्राप्ति र भुक्तानीको एकीकृत विवरण (२७०-१) अनुसार गत वर्षको अन्तिम मौज्दात रु.६५६२१२७१ रहेकोमा यस वर्ष रु.६८३३३४२२ जिम्मेवारी सारेकोले रु.२७१२१५१ बढी जिम्मेवारी सारेको छ । पालिकाले बढी जिम्मेवारी सारेको सम्बन्धमा वित्तीय विवरणमा खुलासा गरेको छैन । त्यसैगरी कोषहरुको प्राप्ति भुक्तानी र बाँकीको विवरण टिप्पणी ५ अनुसार धरौटी समेत कोषहरुको गत वर्षको मौज्दात रु.१४५७४३६१ रहेकोमा यस वर्ष रु.१७२८६५१२ जिम्मेवारी सारेको देखिएको छ । पालिकाले बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले थप खुलासा गरेको छैन ।

३.३ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२६०२१५२, यस वर्षको प्राप्ति रु.२१०७२०३७५, यस वर्षको भुक्तानी रु.२०३१४०७४४ र मौज्दात रु.३७१६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु अद्यावधिक गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको समेट्ने व्यवस्था मिलाउनुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	६८३३३४२२.९३	५७६८५५७३०.५४	५६५६३४५५८.२२	८४५२८३५८.५
एकीकृत आर्थिक विवरणअनुसार	६५७३१२७१.०४	७८७५७६१०५.८८	७६८७७५३०२.४२	८४५३२०७४.५
फरक	२६०२१५२	२१०७२०३७५.३४	२०३१४०७४४.२	३७१६

३.४ **मौज्दात विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको यस वर्षको श्रेस्ताअनुसार बाँकी र बैङ्क स्टेटमेन्ट अनुसार बाँकी रकम फरक परेको छैन ।

खाताको विवरण	श्रेस्ता अनुसार बाँकी रु	बैङ्क अनुसार बाँकी रु
ग १.१, आन्तरिक राजस्व खाता	०	०
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
ग १.३, आन्तरिक अनुदान खाता	०	०
ग २.२, चालू खर्च खाता- जोर वर्ष	०	०
ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०	०
ग २.७, विविध खर्च खाता	५१,१४,२६८.३८	५१,१४,२६८.३८
ग ३.१, स्थानीय तह धरौटी खाता	९५,५७,६१६.९७	९५,५७,६१६.९७
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	६,२२,६८,०८२.२६	६,२२,६८,०८२.२६
ग ५.१, स्थानीय तह विविध कोष खाता	७१,१४,७९४.००	७१,१४,७९४.००
ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	०	०
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	४,७७,३१२.८९	४,७७,३१२.८९
	८,४५,३२,०७४.५०	**८,४५,३२,०७४.५०**

४ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४६८६६३७४, स्वास्थ्य सुधार क्षेत्रको रु.७४९५७७९, एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु.७४६३६४५ र रोजगार प्रवर्द्धन कार्यक्रमको रु.१८२७९० समेत रु.१६२००८५८२ सुत्रमा अद्यावधिक गरेको छैन । साथै प्राप्ति र भुक्तानीको एकीकृत विवरणमा धरौटी र कोषहरुको चालु वर्षको कारोवार पूर्ण रुपमा नदेखाई आम्दानी र खर्चको फरक रकम मात्र उल्लेख गर्ने गरेको देखियो । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सकेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्रमा सहि तरिकाले अद्यावधिक गरी वित्तीय विवरणलाई यथार्थपरक बनाउनुपर्दछ ।

५ विभाज्य कोष

गण्डकी प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ८(५) मा स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँड गरी ६० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा र ४० प्रतिशत रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाको विभाज्य कोषमा यस वर्ष विज्ञापन कर बापत रु.२३१००० र दहत्तर बहत्तर शुल्क रु.१६६३९५६ समेत रु.१८९४९५६ सङ्कलन भएकोमा प्रदेश सञ्चित

कोषमा रु.१९४६११ र स्थानीय सञ्चचित कोषमा रु.१७००३४४ पठाएको देखियो । आर्थिक वर्षभित्र विभाज्य कोषमा जम्मा भएको रकम ऐनको व्यवस्था बमोजिम तोकिए अनुसार बाँडफाँट गरी समयमै सम्बन्धित सञ्चित कोषमा जम्मा गर्नेतर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ । विभाज्य कोषमा पालिकाले यो वर्ष प्राप्त रु.१८९४९५६ मध्ये प्रदेश आर्थिक ऐन अनुसार ४० प्रतिशतले हुने रु.७५७९८२ प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्नेमा गत वर्ष प्रदेश सञ्चित कोषमा बढी गएको रकम रु.४६८११४ कट्टा गरेको पालिकाबाट प्राप्त विवरणमा उल्लेख छ । सो विवरण अनुसार प्रदेश सञ्चितकोषमा रु.९२२५७ पठाउन बाँकी रहेको देखिएकोले स्थानीय सञ्चित कोषबाट उक्त रु.९२२५७ प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	९२,२५७

६ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ उपनियम १ अनुसार अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर जिल्ला तथा केन्द्रीयस्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । पालिकाले बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्ने व्यवस्थाको पालना गरी पालिकाले तोकिएको लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ ।

७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० तयार गरेता पनि सो अनुरुप निम्नानुसारका विषय कार्यान्वयन गरेको पाइएन । यस सम्बन्धमा देखिएका मुख्य बेहोराहरु देहायबमोजिम रहेका छनः

बजेट व्यवस्थापन तर्फ

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,
- पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार नगरेको,
- पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क नराखेको,
- पालिकाले आयोजना वा कार्यक्रम छनोट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिने नगरेको,

खरिद व्यवस्थापन तर्फ

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष पालिकाबाट कार्यसम्पन्न भएका योजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको सम्पूर्ण व्यहोरा उल्लेख गरी अनुगमन प्रतिवेदन पेश गरी सो अनुसार सुधार गर्ने नगरेको,

शिक्षातर्फ

- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

- कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रूपमा नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

भ्रमण खर्च व्यवस्थापन तर्फ

- भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्ने नगरेको,
- भ्रमणमा खटिने कर्मचारीहरुको अद्यावधिक अभिलेखाङ्कन हुने गरी भ्रमण अभिलेख खाता व्यवस्थित गरी नराखेको,

विविध तर्फ

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्योट तथा सम्परीक्षण कार्य नगरेको,

अतः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

८ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी तोकादेशका आधारमा विभिन्न ५९ संघसंस्था र व्यक्तिलाई रु.१२ लाख ३९ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१ करोड ३६ लाख ५८ हजार को ९.०७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर कार्यपालिकाको पटके निर्णय एवं तोकादेशका आधारमा आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकीकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाको उक्त समितिको बैठक १ पटक मात्र बसी श्रोत अनुमान गरेको पाइयो । समितिले सिमा निर्धारण गरी वडामा पठाएको विवरण लेखापरीक्षणका क्रममा पेश हुन सकेन । ऐनमा व्यवस्था

भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । सो अनुसार पालिकाले ९ सदस्य समिति गठन गरेको भएता पनि समितिको बैठक बसी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ बजेट पेश पारित र अख्तियारी

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपप्रमुखले २०८१।०३।०८ मा रू.६७ करोड १८ लाख २२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८१।०३।१० मा पारित भएको छ । त्यसैगरी पालिका प्रमुखबाट २०८१।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१२ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष चालु तथा पुँजीगततर्फ निम्नानुसार शीर्षकमा रु.१ करोड ६९ लाख ८१ हजार अवण्डा बजेट राखी कार्यपालिका एवं वडाको निर्णयानुसार कार्य गराई वर्षान्तमा सभाबाट अनुमोदन गराई विभिन्न योजना तथा कार्यक्रम एवं कार्यसञ्चालनमा निम्नानुसार रु.१ करोड ३६ लाख ९ हजार खर्च गरेको छ । यसरी अबण्डा राखी खर्च गर्दा बजेट अनुशासन र पारदर्शिता कायम नहुने हुँदा अबण्डामा बजेट राखी पटके निर्णयका आधारमा खर्च गरेको उपयुक्त देखिएन । यस्तो प्रवृत्तिमा सुधार गरी बजेट विनियोजन एवं खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सि.नं	विवरण	बजेट रकम	खर्च विवरण	रकम
१	विविध पुँजीगत खर्च पालिकातर्फ	८० लाख	पाइप खरिद, मेशिनरी औजार खरिद रु.३५००० देखिका विभिन्न योजनाको खर्च तथा आर्थिक सहायता वितरण	६७ लाख ३६ हजार
२	विविध कार्यक्रम खर्च	१० लाख	विभिन्न दिवस, खेलकुद तथा विद्यालयमा स्वास्थ्य शिबिर सञ्चालन पोषणमैत्री वडा घोषणा कार्यक्रम विपद व्यवस्थापनसँग सम्बन्धित विभिन्न सामग्री खरिद	८ लाख ५ हजार
३	विविध चालु कार्यक्रम खर्च	३० लाख	हार्मोनियम, पुस्तक एवं विभिन्न मसलन्द सामग्री खरिद तथा संघसंस्था सहायता वितरण	१२ लाख ९१ हजार
४	विविध तथा भैपरी आउने कार्यक्रम खर्च वडा नं १	४ लाख १६ हजार	राहतसामग्री वितरण, आर्थिक सहायता वितरण, सडक बती जडान, पाइप तथा तारजाली खरिद एवं वितरण	४ लाख १६ हजार
५	विविध तथा भैपरी आउने चालु खर्च वडा नं २	४ लाख ५८ हजार	विद्यार्थी पोशाक खरिद, सास्कृतिक तथा खेलकुद कार्यक्रमको भुक्तानी, सडक सरसफाई	४ लाख ५८ हजार
६	विविध तथा भैपरी आउने खर्च वडा नं ३	२ लाख ९३ हजार	तिज तथा स्मृति दिवस कार्यक्रम, आर्थिक सहायता, स्वयम्सेविकाको बिमा एवं खाजा खर्च	२ लाख ८९ हजार
७	विविध भैपरी आउने खर्च वडा नं ४	२ लाख ८१ हजार	तिज कार्यक्रम सञ्चालन,सवारी साधन भाडा, विपन्न वर्गको बिमा, ग्याबिन जाली खरिद तथा वितरण	२ लाख ७७ हजार
८	विविध विपद तथा भैपरी आउने खर्च वडा नं ५	२ लाख	आर्थिक सहायता, सडक सरसफाई र खेलमैदान निर्माण	१ लाख ९९ हजार
९	विविध भैपरी आउने तथा साना पूर्वाधार निर्माण योजना वडा नं ६	२ लाख ५० हजार	खोल्सी संरक्षण र कुलो निर्माण	२ लाख ७ हजार
१०	इन्धन तथा पूर्वाधार विकास, विविध, विविधकृषि प्रवर्धन तथा वातावरण संरक्षण वडा नं ७	१७ लाख ३३ हजार	विभिन्न ७ योजनाका खर्च सिँचाई पाइप खरिद तथा वितरण, हाटबजार जग्गाभाडा, डस्टबिन खरिद, विविध सांस्कृतिक कार्यक्रम खर्च, विपन्न बिमा, आर्थिक सहायता वितरण	१६ लाख ८० हजार
११	लक्षित वर्ग कार्यक्रम वडा नं ८	२ लाख	दौड प्रतियोगिता सञ्चालन, बालमैत्री तथा पोषणमैत्री कार्यक्रम खर्च	१ लाख ७१ हजार
१२	विविध तथा भैपरी आउने चालु खर्च वडा नं ९	४ लाख ४८ हजार	आर्थिक सहायता वितरण, विभिन्न समाज तथा केन्द्रलाई सहयोग, खेलकुद कार्यक्रम सञ्चालन	४ लाख ४८ हजार

१३	विविध भैपरी आउने खर्च वडा नं १०	२ लाख ४९ हजार	महिला सशक्तिकरण तालिम सञ्चालन सूचना प्रकाशन सडक बत्ती खेलकुद सामग्री खरिद	२ लाख ४५ हजार
१४	कार्यक्रम खर्च वडा नं ११	४ लाख ५३ हजार	कार्यालय सामान खरिद, स्मृति दिवस खर्च, समाजलाई सहयोग, विपन्न नागरिक बिमा	३ लाख ८७ हजार

१३ क्षेत्रगत बजेट

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको क्षेत्रगत रूपमा कुल बजेट रू.६७ करोड १८ लाख २१ हजार रहेकोमा रू.५६ करोड ५६ लाख ४२ हजार अर्थात समग्रमा ८४.१९ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्चको स्थिति निम्नानुसार रहेको छ ।

रू. हजारमा

क्षेत्र/उपक्षेत्र	**विनियोजन**	**खर्च**	**खर्च (प्रतिशत)**
आर्थिक विकास	२२४०२	२०५३१	३.६३
सामाजिक विकास	१९१८७७	१६११४९	२८.४९
पूर्वाधार विकास	११२७३५	८११४९	१४.३४
सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र	१०५२१	८५३४	१.५
कार्यालयसञ्चालन तथा प्रशासनिक	३३४२८६	२९४२७९	५२.०२
जम्मा	**६७१८२१**	**५६५६४२**	**१००**

उल्लिखित विवरणअनुसार नगरपालिकाले कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा बढी ५२.०२ प्रतिशत, सामाजिक विकासमा २८.४९ प्रतिशत, पूर्वाधार विकासमा १४.३४ प्रतिशत, आर्थिक विकासमा ३.६३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.५ प्रतिशत बजेट खर्च गरेको देखियो।कूल खर्चमध्ये सबैभन्दा बढी ५२.०२ प्रतिशत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च र सबैभन्दा घटी १.५ प्रतिशत सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र खर्च गरेको देखियो । पालिकाले प्रशासनिक खर्चमा नियन्त्रण गर्दै आर्थिक विकास एवं पूर्वाधार विकासका माध्यमबाट गरिबी निवारणमा योगदान हुने एवं सुशासन प्रवर्द्धन हुने क्षेत्रमा बजेट विनियोजनलाई केन्द्रीत गरी सो अनुसार खर्च हुने प्रबन्ध मिलाउनु पर्दछ ।

१४ खर्च विश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.१३६५८१०४ राजस्व बाँडफाँट र अनुदानबाट रु.५६३१९७६२६ समेत रु.५७६८५५७३० आम्दानी भएकोमा चालु तर्फ रु.४४६३१११०९ र पुँजीगत तर्फ रु.११९३२३४४८ समेत रु.५६५६३४५५८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१७५९६९१६ खर्च भएको छ जुन आन्तरिक आयको १२८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७८.९० प्रतिशत चालु र २१.०९ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

१५ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

रकम रु. हजारमा

बजेटउपशिर्षक	विनियोजित बजेट	कुल पुँजीगतखर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
			प्रथम	दोस्रो	तेस्रो	चौंथो	
पुँजीगत तर्फ	१४८५८८	११९३२३	७७७६	३७५१	२०४१९	८७३७८	५५९९३
खर्च प्रतिशत		**८०.३**	**५.२३**	**२.५२**	**१३.७४**	**५८.८**	**३७.६८**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पुँजीगततर्फ रु.१४ करोड ८५ लाख ८८ हजार बजेट विनियोजन भएकोमा रु.११ करोड ९३ लाख २३ हजार (८०.०३ प्रतिशत) खर्च भएको छ । कुल खर्चमध्ये प्रथम त्रैमासिकमा ५.२३ प्रतिशत, दोस्रो त्रैमासिकमा २.५२ प्रतिशत, तेस्रो त्रैमासिकमा १३.७४ प्रतिशत र चौथो त्रैमासिकमा ५८.८ प्रतिशत खर्च गरेको देखियो । उक्त खर्चमध्ये आषाढ महिनामा ३७.६८ प्रतिशत खर्च देखिनुले आषाढमा खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा निर्धारित कार्यक्रम कार्यान्वयन गरी अन्तिम त्रैमासिक एवं आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१६ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेता पनि पालिकाले यो वर्ष कर्मचारी कल्याण कोष, शिक्षा विकास कोष, महिला तथा बालबालिका लगायतका कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.७५०४०५१ सहित रु.१६२७१९८६ आय रहेकोमा रु.३५६९३२६ खर्च गरी रु.१२७०२६५९ मौज्दात देखाएको छ । यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।

कोषको नाम	सुरु मौज्दात	यो वर्ष थप	यो वर्षको खर्च	बाँकी
कर्मचारी कल्याण कोष	३९८७७७८	१९२७८९६	०	५९१५६७४
शिक्षा विकास कोष	४०००००	२०००००	०	६०००००
मर्मत सम्भार कोष		१९९१२०	०	१९९१२०
प्रकोप व्यबस्थापन कोष	७५२४४८.७८	०	२७५१३५.८९	४७७३१२.८९
महिला तथा बाल बालिका कोष	४०००००	०	०	४०००००
विविध खर्च खाता	१९६३८२४.५५	६४४०९१८.८३	३२९४१९१.००	५११०५५२.३८
जम्मा	७५०४०५१.३३	८७६७९३४.८३	३५६९३२६.८९	**१२७०२६५९.२७**

१७ **कार्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याण कोष स्थापना गरी २०८०।९।२९ को नगर सभाबाट पारित गराई ६४ जना कर्मचारीबाट प्रतिव्यक्ति रु.५००० को दरले रु.३२०००० जम्मा गरेको छ । साथै हरेक कर्मचारीले आफ्नो आम्दानीको ५ प्रतिशत रकम र पालिकाले सोको १०० प्रतिशत रकम जम्मा गर्ने अस्थायी/करार कर्मचारी कल्याण कोष नियमावली जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

१८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी सिर्जना, लागत सहभागिता, स्थानीय स्रोत र साधनको उपयोग हुने, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार योजना प्राथमिकिकरण तथा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल १७४ योजनामा बजेट विनियोजन गरेको देखियो ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या	रु.५ लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१५	१३	२	०
२.	वडास्तरीय	१५९	०	१९	१४०

उल्लिखित विवरण अनुसार पालिकाले यो वर्ष सभाले पारित गरेका १५९ योजना नै कार्यान्वयन गरेकोमा ८८.०५ प्रतिशत योजना पाँच लाख रुपैयाभन्दा कम लागतका रहेकोले अधिकांश साना एवं टुक्रे योजना छनौट गरेको देखिन्छ । साना एवं टुक्रे योजना धेरै हुँदा प्रशासनिक खर्चमा वृद्धि भई लागत बढ्ने, प्रतिफल नदेखिने एवं अनुगमन कमजोर भई गुणस्तरमा समेत असर पर्न सक्ने हुँदा पालिकाले वस्तुनिष्ठ तवरले योजना प्राथमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१९ स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक स्रोत अन्तर्गत खानी जङ्गल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहको योजना तथा कार्यक्रम प्राथमिकीकरणका क्रियाकलापमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

२० कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन ३ नियमावली ४९ वभिन्न कार्यविधि, निर्देशिका र मापदण्ड निर्माण गरी स्वीकृत गरेको मध्ये ७ कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरेको देखिएन । तसर्थ पालिकाले निर्माण गरी स्वीकृत गरेका कानुन राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गर्नुपर्दछ ।

२१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको ५३ गरी कुल ५८ विवाद दर्ता भएकोमा २२ विवाद फर्स्यौट भई ३६ विवाद बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी बनाउन ऐनले तोकेको म्यादभित्र विवाद फर्स्यौट वा कारबाही गरी टुङ्गो लगाउनुपर्दछ ।

२२ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) एवं सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को बुँदा नं ३ मा प्रत्येक महिनाको ७ गते भित्र मासिक प्रतिवेदन एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र ५२ सहकारी संस्था रहेकोमा ३५ सहकारी मात्र सहकारी संस्थाहरुको एकीकृत सूचना व्यवस्थापन प्रणालीमा आबद्ध भएको देखियो छन् । पालिका भित्र रहेका सहकारीको अनुगमन निरीक्षण गरी प्रतिवेदन नगरेको एवं आबद्ध भएका सहकारीले विवरण समयमै दाखिला गरे नगरेको प्रतिवेदन पेश नभएकोले सहकारीको सञ्चालन अवस्थाबारे यकिन गर्न सकिएन । तसर्थ कानुन बमोजिम पालिका भित्रका सम्पूर्ण सहकारीलाई प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन एवं व्यवस्थापन गर्नुपर्दछ ।

२३ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माण कार्य गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १२ देखि ३६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाले स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी योजना फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएता पनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्ससमेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।यस प्रकार सम्झौता भएका केही योजनाको विवरण देहाय अनुसार छ ।

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	तार्कुकोट स्वास्थ्यचौकी भवन निर्माण	२४-८१/८२	भिमकाली कन्सट्रक्सन	१२५२२८७९।८१	८३७४१९५	३३.१२
२	कोइरालाफाँट भागिरथी भञ्ज्याङ्ग सिर्वानी फेदी मोटरबाटो सडक निर्माण	८-८१/८२	सुमन निर्माण सेवा	९७५००५८।१०	६७२०६६३	३१.०७
३	सिन्दुरे खानेपानी योजना	१९-८१/८२	मालिका कन्सट्रक्सन	३९३२६९०	३३१७९९०	१५.६३
४	सत्रसय दुराडाँडा पुरानकोट बाख्रेजगत सडक स्तरोन्नती	५-८१/८२	कृपेश्वर कन्सट्रक्सन	३९००४५६.४२	२६१९२३५	३२.८५
५	फोहोर व्यवस्थापन केन्द्र जाने बाटो निर्माण	१३-८१/८२	ओम तत्सत कन्सट्रक्सन एण्ड मल्टीप्रपोज प्रा लि	१९५६७५८३.६१	१२४०४६०७	३६.६०
६	पुल्चोक ग्लोबल भिजन सडक स्तरोन्नती	१५-८१/८२	रेशम एण्ड गौली कन्सट्रक्सन	१४६८८३९	१२८६८६५	१२.३९
	नेवा खल गुठी सामूदायिक सांस्कृतिक भवन निर्माण	१०-८१/८२	एस एस निर्माण सेवा	६०४३९४४.७१	४६२५६१६	२३.४७
७	गढीकालिका जाने पैदल मार्ग निर्माण कार्य	२५-८१/८२	रेशम एण्ड गौली कन्सट्रक्सन	८७८१२६७	७७०१४५१	१२.२९

२४ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्यसम्पादन जमानत, पेश्की जमानतको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको विवरण उपलब्ध हुन्छ । तर पालिकाले उक्त विवरण देखिने गरी तोकिएको ढाँचामा राखेको देखिएन । स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

२५ सेवा प्रवाह विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

क्र.स	विवरण	संख्या
१	नागरिकता सिफरिस	५०६
२	घरबाटो सिफारिस	३९३
३	नाता प्रमाणित	४२४
४	जन्म दर्ता	४९२
५	मृत्यु दर्ता	२२५
६	घरनक्सा पासको निवेदन	३०
७	अन्य	७३८१

पालिकाको मुख्य उद्देश्य सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाई थप क्षेत्रमा पनि सेवा प्रवाह अभिवृद्धि गरी सोको अभिलेखीकरण समेत गर्नुपर्दछ ।

२६ तलबी प्रतिवेदन

निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू.४००४६८३०, शिक्षा तर्फ रु.१७७५५५५२० र पालिकाकातर्फ रू.४८८५५०९२ समेत रू.२२६४१०६१२ तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता खर्च लेख्नुपर्दछ ।

२७ जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तीभरण, औषधोपचार सम्बन्धित बिदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरबन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकालाई विगत बर्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा १८७ दरबन्दी स्वीकृत गरेकोमा ११९ जनाको पदपूर्ति भई ६८ पद रिक्त रहेको जानकारी प्रशासन शाखाले दिएको छ । पालिकाले कार्यबोझका कारण ४९ जना कर्मचारी (दरबन्दी भित्रको) करार र ४ जना कर्मचारी (दरबन्दी बाहिरको) राखी सेवा सञ्चालन गरेको छ । थप दरबन्दी सृजना गर्न परेमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन गराइ आवश्यकता र श्रोतसाधनको पहिचान सहित पालिकाको दरबन्दी संरचना र पद

स्वीकृत गर्नुपर्दछ । हाल पालिकामा ४ जना कर्मचारीहरु (दरबन्दी बाहिरको) करारमा राखी रु.१५४५७०० भुक्तानी गरेको छ । कार्यालयले सङ्गठन व्यवस्थापन र सर्वेक्षण गरेर थप दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्य नियमसंमत देखिएन ।

अनियमित भएको	१५,४५,७००

२८ **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा तथा बहुवर्षीय योजना कार्यान्वयन गर्ने निकायले खरिद गुरूयोजना तयार गर्नुपर्ने साथै नियम ८ अनुसार वार्षिक १० लाख रुपैयाँभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.११९३२३४४८ पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले उक्त नियम बमोजिम एकमुष्ट खरिद योजना एवं गुरुयोजना तयार नगरी खरिद कार्य गरेको देखियो । पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई खरिद कार्य व्यवस्थित र प्रभावकारी गर्नुपर्दछ ।

२९ **डी.एल.पी.अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ । त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए बमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनु पर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन । यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्यसम्पन्न प्रतिवेदन पेश गरे नगरेको गर्ने यकिन सक्ने अवस्था रहेन । अतः सोको अद्यावधिक अभिलेख राख्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

३० **कन्टीन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले ४ प्रतिशत कन्टीन्जेन्सी खर्च गर्ने मान्यता राखी योजनाको लागत अनुमान एवं खर्च गर्दै आएकोमा यसवर्ष रु.८९२१२२ खर्च लेखेकोमा कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेख राखेको छैन । जसले गर्दा पालिकाले गरेको कन्टिन्जेन्सी खर्च सार्वजनिक खरिद नियमावलीमा तोकिए बमोजिम भयो भनी यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले योजनागत कन्टिन्जेन्सी खर्चको विवरण खुल्ने गरी अभिलेख राखी सो खर्चलाई व्यवस्थित एवं मितव्ययी बनाउनु पर्दछ ।

३१ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित योजनाको ठेक्का बिलहरु एवं प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने विवरण खुलाएको देखिएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले सम्पादित कार्यको बिल एवं कार्यसम्पन्न विवरण बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित रही इन्जिनियरिङ्ग नर्म्स अनुसारका सबै विवरण खुलाई बनाउनुपर्दछ ।

३२ योजना हस्तान्तरण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका अधिकांश योजना सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न एवं उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नुपर्दछ ।

३३ पेस्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । साथै सोही नियमावलीको नियम ५२ मा पेस्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार पदाधिकारी/कर्मचारी, फर्म तथा निर्माण व्यवसायीलाई दिएको पेस्की गत वर्षको रु.१९७१०८२४ र यस वर्षको रु.३८७५८८० समेत रु.२३५८६७०४ आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । गत विगतको पेस्की बाँकीको एकीकृत अभिलेख व्यवस्थित गरी फर्स्यौट हुन बाँकी पेस्की सम्झौताका शर्त एवं प्रचलित नियमानुसार असुल फर्स्यौट गर्नुपर्दछ ।

गो भौ नं, मिति	विवरण	गत वर्षको पेस्की म्याद नाघेको	गत विगतको म्याद ननाघेको	चालु वर्षको म्याद नाघेको	चालु वर्षको म्याद ननाघेको	जम्मा पेस्की बाँकी	कैफियत
५१-०८१।४।१	विर बहादु के सी पानी तथा बिजुली	५००००।-				५००००।-	
५१-०८१।४।१	विर बहादु के सी मसलन्द तथा कार्यालय सामान	२५०००।-				२५०००।-	
५१-०८१।४।१	विर बहादु के सी विविध खर्च	२५०००।-				२५०००।-	
७०-०८१।१०।४	सि अ हे व निर्मल अधिकारी स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण			४७००००।-		४७००००।-	
८२३-०८२।०३।०८	विर बहादु के सी नगरसभा सञ्चालन			१५००००।-		१५००००।-	
३-०८१।०४।०१	न्यू हिरा निर्माण सेवा	४५००००।-				४५००००।-	
३-०८१।०४।०१	मनोकामना गुरुङ निर्माण सेवा	११६५९१४।-				११६५९१४।-	
३-०८१।०४।०१	रेशम एण्ड गौली कन्सट्रक्सन	६३०५००।-				६३०५००।-	
३-०८१।०४।०१	रेशम एण्ड गौली कन्सट्रक्सन	६०९०३०।-				६०९०३०।-	
५१-०८१।०४।०१	श्रीकृष्ण निर्माण सेवा	३९००००।-				३९००००।-	
५१-०८१।०४।०१	ड्रागन विकोन जे.भी एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम		१५९००००००।-			१५९००००००।-	
३-०८१।०४।०१	नेपाल विद्युत प्राधिकरण	४६५३८०।-				४६५३८०।-	गत वर्ष लगत कायम भएको
१९३-०८२।०३।१८	तारकेश्वर कन्सट्रक्सन वडा नं २ भवन निर्माण				१६५५८८०।-	१६५५८८०।-	
१-०८२।०२।१३	भिमकाली कन्सट्रक्सन तार्कुकोट स्वास्थ्य चौकी (स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम)				१६०००००।-	१६०००००।-	
		३८१०८२४।-	१५९००००००।-	६२००००।-	३२५५८८०।-	२३५८६७०४।-	

३४ म्याद नाघेको पेस्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ मा पेस्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण पेस्की बाँकीको विवरण अनुसार निम्नानुसार पेस्की वर्षान्तसम्म फस्र्यौट गरेको नदेखिएकोले म्याद नाघेको उक्त पेस्की रकम नियमानुसार असुल फस्र्यौट गरेको प्रमाण पेश हुनुपर्दछ ।

गो भौ नं, मिति	विवरण	म्याद नाघेको पेस्की
७०-०८१।१०।४	सि अ हे व निर्मल अधिकारी स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण	४७०००० ।-
	जम्मा	४७०००० ।-

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,१६५,९१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **६३०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **६०९,०३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	४,७०,०००

३५ **स्वकिय सचिव**

गण्डकी प्रदेशले जारी गरेको गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिको सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ मा नगरपालिकाका प्रमुखले स्वकिय सचिव राख्नु परेमा पालिकाको आन्तरिक आयबाट खर्च व्यहोर्ने गरी राख्न पाउने व्यवस्था रहेको छ । पालिकाले स्वकिय सचिव सन्तोष पौडेललाई सहायक चौथोको रुपमा नियुक्त गरी संघीय राजश्व बाँडफाँटबाट प्राप्त रकमको तलव खर्च शीर्षक २११११ बाट रु.४२७७२६ खर्च गरेको देखियो । पदाधिकारी सुविधा शीर्षकबाट खर्च लेख्नुपर्नेमा तलब खर्च शीर्षकबाट खर्च लेखेको नियमसम्मत देखिएन ।

अनियमित भएको	४,२७,७२६

३६ **बिल भर्पाइ बेगरको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार स्वास्थ्य केन्द्रहरुमा रकम निकासा गरेकोमा सोको पुष्टि बिल भरपाई तथा प्रमाण कागजात संलग्न गरेको नदेखिएकोले खर्च पुष्टि गर्ने बिल भरपाई तथा प्रमाण कागजात पेश हुनुपर्दछ ।

गो.भौ.न/मिति	**विवरण**	**भुक्तानी पाउने**	**खर्च रकम**
३-०८१।६।२१	भोटेओडार आँखा उपचार केन्द्रको प्रथम चौमासिक निकासा	भोटेओडार आँखा उपचार केन्द्र	२६६६६६
१२-०८१।११।२८	भोटेओडार आँखा उपचार केन्द्रको दोश्रो चौमासिक निकासा		६४०६७४
४-०८१।६।२२	शहरी स्वास्थ्य केन्द्र गहते	शहरी स्वास्थ्य केन्द्र गहते	१०००००
	शहरी स्वास्थ्य केन्द्र लामिखेत	शहरी स्वास्थ्य केन्द्र लामिखेत	३२९०१०
८-०८१।९।१९	स्वास्थ्य संस्थाको लागी संचालन खर्च	विभिन्न	२८५०००
१६-०८१।१०।१० चालु शिक्षा	पात्रो प्रकाशन		१०००००
जम्मा			१७२१३५०

प्रमाण पेश नगरेको	१७,२१,३५०

३७ **बढी भुक्तानी** (176-2081-08-16):

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा सरकारी रकम खर्च गर्दा सोको पुष्टि हुने बिल भरपाई प्रमाण कागजात संलग्न भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले सुमन निर्माण सेवालाई ग्याबियन जाली भर्ने कार्यका लागि संलग्न बिलबमोजिम रु.१२१७८०।- भुक्तानी गर्नुपर्नेमा रु.१२४९८०।- भुक्तानी गरेकोले रु.३२००।- बढी भुक्तानी भएको देखियो। अत: संलग्न बिलभन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३,२००

३८ **हाते ट्रयाक्टर अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले गो भौ नं.२२१-२०८२।३।११ बाट ५० प्रतिशत अनुदानमा २२ थान पेट्रोलबाट सञ्चालन हुने प्रति ट्रयाक्टर करबाहेक रु.३१९९९ र ११ थान डिजेलबाट सञ्चालन हुने प्रति ट्रयाक्टर करबाहेक रु.५१९९९ का दरले गरी ३३ थानको ग्रिन लक एग्रो प्रा.लि.लाई रु.५४९८४२ भुक्तानी गरेको छ। अनुदानमा हाते ट्याक्टर वितरण स्रेस्ता परीक्षण गर्दा वडा न.१० का वडा अध्यक्ष दिपकराज ढकालले ५ थान पेट्रोलबाट सञ्चालन हुने र १ थान डिजेलबाट सञ्चालन हुने हाते ट्याक्टर बुझिलिएकोमा सम्बन्धित कृषकलाई बुझाएको प्रमाण संलग्न गरेको एवं अनुदान वितरणको विवरण सार्वजनिक गरेको नदेखिएकोले सोको उपयोगको स्थिती यकिन गर्न सकिएन। वितरण भएको नदेखिएका ट्रयाक्टर सम्बन्धित कृषकले बुझिलिएको प्रमाण एवं वितरणको लक्ष्यअनुरुप उपयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ ।

३९ **सशर्त बजेटबाट कोषमा रकम ट्रान्सफर**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२१८,८१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४० **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले उपलब्ध गराएको अनुदानको सार्वजनिकीकरण गर्नुका साथै समय समयमा सोको अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु कार्यक्रममा

विभिन्न कृषि फर्म, कृषि व्यवसायी र कृषकहरुलाई ५० प्रतिशत देखि ७५ प्रतिशत लागत साझेदारीमा अनुदान कार्यक्रम सञ्चालन गरेको छ । पालिकाले वितरण भएको अनुदानको सार्वजनिकिकरण साथै सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै पालिकाले अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुदानको विवरण सार्वजनिकीकरण गर्नुका साथै अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । पालिकाबाट यस वर्ष वितरण भएका अनुदानका केही उदाहरण निम्नानुसार रहेका छनः

भौचर नं/ मिति	कार्यक्रमको नाम	अनुदान रकम
३०९-२०८२।३।२४	बंगुरको खोर र बाख्राको खोर निर्माण	१३२४९४७
३०७-२०८२।३।२४	मौरीको घार वितरण	१२३२६४०
२२०-२०८२।३।११	मिनिट्रिलर वितरण	६२८९८२
६,८,१४ -२०८२।२।१	तरकारी बिउँ वितरण अनुदान	२९१५६२
९,१४,१८ -२०८२।१।१०	हाते ट्याक्टर वितरण	८७३०८१
३,७ -२०८१।९।२८	च्याउको बिउँ वितरण	१४७८८७
२२७-२०८२।३।२३	गहते अर्गानीक मौरी फार्मलाई मौरी घार अनुदान	१९८९००

४१ **मूल्य अभिवृद्धि कर दर्ता नभएकासँग कारोवार** (208-2081-12-26):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद वा सेवा लिदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म वा संस्थाबाट गर्नुपर्ने व्यवस्था छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा निम्नानुसार फर्महरुलाई (रु.२००००।- भन्दा तलका पान बिल) का आधारमा रु.२६३५५० भुक्तानी गरेको देखियो। नियमावलीमा व्यवस्था भए बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग खरिद गर्नुपर्नेमा दर्ता नभएका फर्मसँग कारोवार गरी खर्च लेखेको नियमसम्मत देखिएन।

भौ नं र मिति	विवरण	बिलको मिति	भुक्तानी रकम
१०४१।०८२।३।२३	न्यु होराइजन कम्प्युटर सेन्टर	मिति नलेखेको बिल नं ७५५-७५९ सम्म	८७५००
८१३।०८२।३।६	जेनिस कम्प्युटर	२०८२।१।३० को बिल नं २९९	१०००००
७१२।०८२।२।१९	चोकेली डिजिटल स्टुडियो	०८२।३।९	७६०५०
जम्मा			२६३५५०

अनियमित भएको	२,६३,५५०

४२ **मेड्पा कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुदा नं ३९ मा तालिमबाट उत्पादित सामानका वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मुल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण तथा प्रसार प्रचारको लागि कोसेली घर तथा सौगात गृहमा पठाउने र पठाउदा पनि बिक्री नभएमा विवरणसहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मेड्पा अन्तर्गतका निम्नानुसार सीपमुलक कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ।

क्र.स	तालिमको नाम	सहभागी संख्या	सञ्चालित दिन	खर्च रकम
१	मौरी उत्पादक तालिम	७	२०	७४०००
२	सिलाई कटाई सम्बन्धी तालिम	४५	२६	२२६०००
३	पुनतार्जगी तथा एडभान्स तालिम	२१	४	९३०५७

उल्लिखित तालिम सञ्चालन पश्चात के कति समान उत्पादन तथा बिक्री सो सम्बन्धमा कुनै अभिलेख राखेको नदेखिएकोले पालिकाले सीपमुलक तालिमबाट उत्पादित वस्तुहरुलाई अभिलेखिकरण गरी निर्देशिकाले तोकिएबमोजिम गर्नुपर्ने देखिन्छ ।

सोही निर्देशिकाको बुदा नं २८ बमोजिम व्यावसायिक सीप विकास तालिम सञ्चालन गरी प्रशिक्षक खटाउदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सिटिईभिटी) बाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित बिषयमा प्रशिक्षक हो भनि प्रमाणपत्र प्राप्त व्यक्ति राख्नुपर्ने व्यवस्था छ । पालिकाले लघु उद्यम सम्बन्धी सीपमुलक तालिम सञ्चालन गर्दा तालिममा सहभागी भएको आधारमा प्रशिक्षक र कुनै सोझै सम्झौता गरी तालिम सञ्चालन गरेको देखिन्छ । यसरी प्रशिक्षक नियुक्ति गर्दा सम्बन्धित तालिमको ज्ञान भएको विज्ञ व्यक्ति हो भन्ने कुनै आधार देखिएन । त्यसैले पालिकाले आगामी दिनमा सीपमुलक तालिम सञ्चालन गर्दा प्रशिक्षक छनौट प्रकियालाई ध्यान दिनुपर्ने र सिटिईभिटीबाट स्वीकृत पाठ्यक्रममा आधारित भई सीपमूलक तालिम सञ्चालन गर्ने विषयमा सुधार गर्नुपर्ने देखिन्छ ।

४३ विशेष अनुदान

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को बुँदा नं ९ मा प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधिमा सम्पन्न गर्नुपर्दछ । सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्ता आयोजना तथा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकामा फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणका लागि संघीय विशेष अनुदान कार्यक्रम अन्तर्गत रु.२ करोड ७० लाख बजेट विनियोजन भएकोमा फोहोरमैला व्यवस्थापनको ट्रस निर्माण कार्यको रु.१७४९८०७, फोहोरमैला केन्द्रसम्म जाने सडक निर्माण कार्यमा रु.१२४०४६०६, मेसिन खरिदका लागि रु.१८७५८०० र फोहोरमैला केन्द्रको ट्रान्सफर्मर निर्माण रु २९२१४७२ समेत ४ वटा प्याकेज बनाई बोलपत्रमार्फत कार्य गराई यो वर्ष रु.१६१४४८६०।- खर्च भएको छ ।विशेष अनुदानबाट कार्यान्वयन गरिएका उल्लिखित ४ योजनामध्ये ३ सम्पन्न भएता पनि ट्रान्सफर्मर खरिद तथा जडान सम्बन्धी कार्य सम्पन्न हुन सकेको देखिएन । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् :

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको अवधि थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सक्ने व्यवस्था छ । साथै उक्त नियमावलीको नियम १२१ मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौताअनुसार तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा ०.०५ प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने व्यवस्था छ । विशेष अनुदानबाट सम्पन्न गर्नुपर्ने कार्यमध्ये फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्रमा विद्युत पुर्याउन पोल एवं ट्रान्सफर्मर खरिद तथा जडान कार्यका लागि २०८२।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी आनन्द प्रा लिसँग २०८१।१२।७ मा रु.२९२१४७२ को सम्झौता भएकोमा सम्झौता अवधिभित्र ३२.६९ प्रतिशत अर्थात ३२ वटा बिजुलिको पोल आपूर्ति तथा जडान गरी रु.९५५०५३ भुक्तानी भएको देखिन्छ । सो पश्चात सम्झौतानुसार ६७.३ प्रतिशत काम बाँकी रहेको एवं म्याद थपको कार्यसमेत भएको देखिएन ।ट्रान्सफर्मर आपूर्ति एवं जडानको कार्य बाँकी रहेका कारण फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालन हुन नसकी रु.१ करोड ६१ लाख ४४ हजार खर्चको उपयोग हुन सकेको छैन । अतः सम्झौतानुसार कार्य नगर्ने आपूर्तिकर्तालाई सार्वजनिक खरिद कानुन अनुसार कारवाहि गरी कार्यसम्पन्न गर्न लगाई फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र सञ्चालनमा ल्याउनुपर्दछ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्रका लागि महालक्ष्मी इन्जिनियरिङ्ग वर्कसपबाट प्लास्टिक एग्लोमोटर, वेष्ट प्लाष्टिक

क्लिनर, रोटरी थर्मल स्क्रिन, मेनुअल सेग्रिगेसन कन्भेयर लाइन लगायतका ८ प्रकारका मेसिन खरिद गरी रु.१८ लाख ७५ हजारमा भुक्तानी गरेको देखिन्छ। पालिकाले फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्रमा ट्रान्सफर्मर आपूर्ति एवं जडानमा ढिलाई भएका कारण सम्झौता अनुसार खरिद भएका मेसिन प्राविधिक स्पेशिफिकेशन र गुणस्तरयुक्त भए नभएको सम्बन्धमा सञ्चालन गरी परीक्षण समेत गर्न सकेको छैन। अतः नियमावलीले तोकेबमोजिम खरिद भएका मालसामान उपयोगयोग्य रहेको सुनिश्चित हुने निरीक्षण वा परीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

४४ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रू.२ करोड १ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रू.१ करोड ३६ लाख ५८ हजार अर्थात अनुमान भन्दा ३२ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४५ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

राजश्व शीर्षक	प्रस्तावितआय	प्राप्त रकमरु.	असुली प्रतिशत
सम्पत्ति कर	३०,००,०००.००	१९,६२,६७०.००	६५.४२
भुमिकर/मालपोत	२०,००,०००.००	१८,८२,९३९.००	९४.१४
वहालकर	२०,००,०००.००	२२,१४,७४२.६८	१११
वहाल विरौटी कर	०.००	४६,४१९.००	
सवारीसाधन कर (साना सवारी)	०.००	२,१४,५३०.००	
अन्य कर	५,००,०००.००	४,०३,८०४.००	८०.७६
सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय	१,००,०००.००	३३,०००.००	३३
कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	०.००	४,८००.००	
निजीधारा वापतको शुल्क	०.००	२,१००.००	
अन्य सेवा शुल्क तथा बिक्री	०.००	१०,०३,००३.००	
न्यायिकदस्तूर	०.००	८,०३०.००	
शिक्षाक्षेत्रको आम्दानी	०.००	५,०००.००	
परीक्षा शुल्क	१,००,०००.००	२,२००.००	०.०२
अन्य प्रशासनिक सेवा शुल्क	२२,००,०००.००	३,६२,४००.००	१६.४७
नक्सापासदस्तुर	२०,००,०००.००	८,२४,७४०.१८	३७.४८
सिफारिश दस्तुर	२८,००,०००.००	२०,३०,१७०.००	७२.५०
व्यक्तिगत घटना दर्ता दस्तुर	४,००,०००.००	३,७७,९००.००	९४
नाताप्रमाणित दस्तुर	३,५०,०००.००	२,४४,०००.००	६९.७१
अन्य दस्तुर	६,००,०००.००	५,४६,३७०.०५	९१.०६
व्यावसाय रजिष्ट्रेशन दस्तुर	४,१०,०००.००	१,३१,८५०.००	३२.१५
विद्युत सम्बन्धी दस्तुर	०.००	३,३००.००	
जलस्रोत सम्बन्धी अन्य दस्तुर	०.००	१,०००.००	
अन्यक्षेत्रको आय	०.००	३,९००.००	
न्यायिक दण्ड, जरिवाना र जफत	०.००	२२,६००.००	
प्रशासनिक दण्ड, जरिवाना र जफत	५०,०००.००	६,२२,२०८.६६	१२४
प्रदुषण नियन्त्रण शुल्क	०.००	१,७००.००	
अन्य राजस्व	५०,०००.००	३५,०५०.००	७०.१
व्यवसायकर	११,३८,७५८.००	४,७७,७७०.००	४१.९५
बेरूजू	५०,०००.००	१,००,९३२.००	२०१
जम्मा	१,७७,४८,७५८.००	१,३६,६०,५२८.५७	

उल्लिखित विवरणबाट पालिकाले आय प्रक्षेपण अनुसार आय प्राप्त गरेको नदेखिएको एवं अनुमान नगरेका आम्दानी शीर्षकमा समेत आम्दानी भएको अवस्था विद्यमान रहेकोले आय अनुमान र प्राप्ति यथार्थपरक देखिएन। साथै, पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको र करदाताले पालिकामा कर, दस्तुर, शुल्क बुझाउन ल्याएको अवस्थामा मात्र कर, दस्तुर, शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ आय अनुमानलाई यथार्थपरक बनाउदै आफ्नो कार्यक्षेत्रभित्रका करदाताहरुको अभिलेख अद्यावधिक गरी पालिकाको आर्थिक ऐन अनुसार करदाताहरुलाई करको दायरामा ल्याउनु पर्दछ।

४६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४०६६८०६९५	१३६५८१०४	३.३५

उल्लिखित विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको ३.३५ हिस्सा प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४७ **फिल्ड भत्ता**

गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ को बुँदा नं १५(१) मा सम्बन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरेबापत तलब बाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन नपाइने उल्लेख छ।सोही मापदण्डको बुँदा नं १५(३) बमोजिम दैनिक कामबाहेक अनिवार्य रुपमा थप काम गर्नुपर्ने अवस्थामा थप कामको विवरण र कारण सहित अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएर मात्र त्यस्तो काममा लगाउने र सो वापत तोकिएको सुविधा खर्च लेख्दा कार्यसम्पन्न भएको प्रगति विवरण समेत पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले २०८१।३।१३ को सभाको निर्णय बमोजिम समानीकरण अनुदानबाट १४ प्राविधिक कर्मचारीलाई रु.११७०८५०।- फिल्ड भत्ता भुक्तानी गरेको देखियो।पालिकाले आन्तरिक आयको अवस्थालाई विचार नगरी मापदण्ड विपरित नियमित प्रकृतिको कामको लागि समेत भत्ता भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४८ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने उल्लेख छ । सोही नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म बाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामानतर्फ रु.६५००००० (कार्यक्रम खर्चमा प्रयोग हुने सामान बाहेक) बजेट विनियोजन गरी रु.५३४७४१२ र मेशिनरी औजारमा रु.२२००००० बजेट विनियोजन गरी रु.१७४४६४१ सोझै खरिद गरेको देखियो। अनुमानयोग्य सामानको आवश्यकता यकिन गरी एकमुष्ट रुपमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधि अबलम्बन गरी खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको कार्य मितव्ययी एवं नियमसम्मत देखिएन। नियममा उल्लेख भए अनुसार खरिद कार्य व्यवस्थित गर्नुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन।

भौ नं र मिति	विवरण	भुक्तानी रकम
८९-०८१।६।४	ए वान कम्प्युटर मसलन्द र कार्यालय सामान	२२१०२८
१०८-०८१।६।१८	हेलो स्टेशनरी मसलन्द र कार्यालय सामान	४६०९१४
३१७-०८१।११।२०	अस्मिता ट्रेड कन्सर्न मसलन्द र कार्यालय सामान	९९६९९३
६४३-०८१।१२।१०	कालिका प्रिन्टिङ्ग प्रेस मसलन्द र कार्यालय सामान	३०६८००
७४-०८१।११।२७	एबी सप्लायर्स एण्ड ट्रेड मेशिनरी औजार (ल्यापटप)	९७७४५०
३८-०८१।१०।१०	न्यू आचार्य इन्टरप्राइजेज मेशिनरी औजार ल्यापटप	२४२०४८
१३४-२०८२।२।८	रिसिङ्ग मल्टीप्रपोज प्रा लि (ल्यापटप तथा कम्प्यूटर)	४८०२५०
३१४-०८१।१०।३०	एभरेष्ट इन्टरनेसनल मेशिनरी औजार	३०८५३७

४९ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजिगत शिर्षकबाट रु.११ करोड ९३ लाख २३ हजार खर्च गरेकोमा रु.३ करोड ३६ लाख ३८ हजार अर्थात २.८२ प्रतिशत बोलपत्रमार्फत खरिद गरी खर्च गरेको छ। उपभोक्ता समितिबाट रु.७ करोड ९१ लाख ८३ हजारको र बाँकी खर्चमध्ये सोझै रु.६५ लाख २ हजार (कन्टिजेन्सी समेत) खरिद कार्य गरेको छ। सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

५० **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान खरिद विवरण परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर देहायबमोजिमका सफ्टवेयरहरूमा गत वर्षसम्म रु.३४७७४६२ भुक्तानी गरेकोमा यो वर्ष रु.१७९१२९० सहित रु.५२६८७५२ भुक्तानी गरेको छ। सोखर्च मध्ये गत वर्ष खरिद गरिएका सप्टवेयरको मर्मत खर्च तथा वार्षिक सेवा शुल्क बापत यो वर्ष रु.७५२८२० खर्च लेखेको छ। पालिकाले सफ्टवेयर संचालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको देखिन्छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

साथै महालेखा नियन्त्रकको कार्यालयले प्रत्येक स्थानीय तहले तोकिएबमोजिम सुत्रको राजस्व पोर्टलबाट आम्दानी लेखाङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यो वर्ष सो को अलावा साङ्ग्रिला सफ्टवेयर समेत प्रयोग गरी वार्षिक शुल्कबापत साङ्ग्रिला इन्फरमेटिक्स प्रा. लि. लाई रु.१७४५२८ भुक्तानी गरेकोले पालिकालाई थप व्ययभार परेको देखियो। महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको आधिकारिक पोर्टलको प्रयोगलाई अनिवार्य गरी अन्य सफ्टवेयरको प्रयोगलाई निरुत्साहित गर्नुपर्दछ ।

भौचर नं /मिति	सफ्टवेयरको नाम	व्यावसायीको नाम	खरिद वर्ष	गत वर्षको खरिद रकम	यस वर्षको खरिद रकम	कैफियत
४४५/२०८०। ११।१९	साङ्ग्रिला इन्फ्ररम्याटिक्स सफ्टवेर	साङ्ग्रिला इन्फ्ररम्याटिक्स प्रा.लि			१७४५२८	वार्षिक सेवा शुल्क भुक्तानी
८६४/२०८१।३। ११	डिजिटल प्रोफाईल निर्माण	४ जी ईन्जीनियरीङ प्रा.लि	२०८०। ८१	१८९१०५	३४०३८९	वार्षिक सेवा शुल्क भुक्तानी
८६२/२०८१।३। ११	डिजिटल म्यानेजमेन्ट सिस्टम	स्किल नक्स प्रा.लि	२०८०। ८१	४९५९५७	५९५१५	वार्षिक सेवा शुल्क भुक्तानी
८६६/२०८१।३। ११	गुनासो व्यवस्थापन प्रणाली	स्पाईरल टेक्नोलोजि प्रा.लि	२०८०। ८१	२९६०६०	४४४०९	वार्षिक सेवा शुल्क भुक्तानी
८६९/२०८१।३। ११	वेभमा आधारित सिफारिस सेवा शुल्क	प्रिज्म इन्फोसिस प्रा.लि	२०८०। ८१	२९६६२५	५९३१५	वार्षिक सेवा शुल्क भुक्तानी
८६२/२०८१।३। ११	एकिकृत अनुदान व्यवस्थापन प्रा.लि	कोड फ्युजन टेक्नोलोजि प्रा.लि	२०८०। ८१	४९७७६५	७४६६४	वार्षिक सेवा शुल्क भुक्तानी
१०७४/२०८१। ३।२३	योजना व्यवस्थापन सफ्टवेयर	सप्त टेक्नोलोजिकल प्रा.लि	२०८१। ८२		४५२००	
८२८/२०८१।३। १०	व्यवसाय दर्ता सफ्टवेयर	स्पाईरल टेक्नोलोजि प्रा.लि	२०८१। ८२		४९४९४०	
११२४/२०८१। ३।२४	कार्यपालिकाको बैठक व्स्थापन सफ्टवेयर	प्रिज्म इन्फोसिस प्रा.लि	२०८१। ८२		४९८३३०	
जम्मा				**३४७७४६२**	**१७९१२९०**	

५१ **विपन्न नागरिकलाई बीमा** (45,48,745,877 र 911-2082-03-17):

कार्यक्रम सञ्चालन गर्दा लाभग्राहीको छनौटको आधार, कार्यक्रमको दिगोपना लगायत विषयलाई मध्यनजर गर्दै निश्चित मापदण्डको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ। पालिकाले लाभग्राही छनौटको मापदण्डबेगर पालिकाभित्र बसोबास गर्ने न्यून आय भएका ३०६ जनाको स्वास्थ्य बीमा बापत स्वास्थ्य बीमा बोर्डलाई रु.४५०१०० र लिबर्टी माइक्रो लाइफ इन्सुरेन्सलाई रु.१६०६५३ समेत रु.६१०७५३ भुक्तानी गरेको छ। यस्ता कार्यक्रम सञ्चालन गर्दा निश्चित मापदण्ड तय गरी सो अनुसार कार्य गराई कार्यक्रम प्रभावकारी भए नभएको सम्बन्धमा पालिकाले नियमित अनुगमन गर्नुपर्दछ।

५२ **बढी भुक्तानी** (1036 र 301-2082-03-24):

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा सरकारी रकम खर्च गर्दा सोको पुष्टि हुने बिल भरपाई प्रमाण कागजात संलग्न भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिका र रुवी स्विङ्ग मेशिन एण्ड मल्टीट्रेजबिच सिलाई मेशिन खरिदमा पालिकाबाट रु.३ लाख र बाँकी लाभग्राहीबाट बेहोर्ने गरी २०८२।३।१९ मा सम्झौता भएको देखियो। सो कार्यको भुक्तानी गर्दा पालिकाले दलित लक्षित कार्यक्रमबाट रु.३ लाख र गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमबाट रु.५०५०० समेत रु.३५०५०० खर्च लेखेको देखियो। अत: सम्झौता भन्दा बढी भुक्तानी गरेको रु.५०५०० असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	५०,५००

५३ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र

परामर्श सेवा लिनुपर्ने व्यवस्था उल्लेख छ। पालिकाले निम्नानुसार परामर्श सेवा खरिदमा सोको यथार्थ आवश्यकता पहिचान, खर्चमा मितव्ययिता र पालिकाको जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण नगरी प्रस्ताव माग गरी ६ कार्यमा रु.३०५७२०० खर्च लेखेको छ। पालिकाले सम्भव भएसम्म आफ्नो जनशक्ति परिचालन गर्नेतर्फ ध्यान दिई परामर्श सेवा खरिद कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

भौचर नं /मिति	परामर्श सेवा	परामर्श दाताको नाम	खर्च रकम रु
५२१,११५० -२०८२।३।२५	सडक गुरु योजना निर्माण	डायनामिक रिसोर्सेस म्यानेजमेन्ट सर्भिसेसप्रा.लि	१२८१४२०
६८३-२०८२।२।९	भु उपयोग जग्गा बर्गिकरण	म्यापर्स नेपाल प्रा.लि	११३१९३६
९७०-२०८१।३।१८	नगरपालिकाको क्षमता विकास निर्माण	क्रिप्टी इनोभेसन टेक्नोलोजि प्रा.लि	२४७४७०
११४५-२०८२।३।२५	सेवा प्रवाह मापदण्ड	प्रिज्म ईनफोसिस प्रा	२४८३७४
१६-२०८१।७।९	आ.ई.ई रिपोर्ट परिमार्जन	युक्का ईन्जिनियरिङ प्रा.लि	१४८०००
जम्मा			३०५७२००

५४ **शीर्षक फरक पारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा पालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शिर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ। त्यसैगरी एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४ अनुसार पालिकाले सम्बन्धित शीर्षकमा विनियोजित बजेट अनुसार खर्च गर्नुपर्नेमा निम्नानुसार फरक शीर्षकमा खर्च गरेको देखियो। अत: पालिकाले तोकिएको बजेट शीर्षक अनुसारको खर्च नगरी एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४ विपरित हुने गरी फरक शीर्षकबाट खर्च लेखेको कार्यलाई नियमित मान्न सकिएन।

गो भौ न मिति	**खर्च गर्नुपर्ने शीर्षक**	**खर्च गरेको शीर्षक**	**रकम**
१२०-२०८१/७/९	मेशिनरी तथा औजार	मसलन्द तथा कार्यालय सामान	३३०९७७
१५८-०८१/८/२४	विविध खर्च शिर्षक	सामाजिक सुरक्षा	३७६१५
१७५-०८१/८/१६	मेशिनरी तथा औजार	विविध कार्यक्रम खर्च	३०३७४४
१७६/०८१/८/१६	सार्वजनिक निर्माण खर्च शिर्षक	कार्यक्रम खर्च	१२४९८०
२३०/२०८१/८/९	सवारी साधन मर्मत खर्च	सामाजिक सुरक्षा	१०००००
१४२।०८१।९।९	मसलन्द तथा कार्यालय सामान	फर्निचर तथा फिक्चर्स	१४९८४८
४४४।०८१।११।२७	मेशिनरी तथा औजार	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार	२५९३३५
६६४।०८२।२।९	मेशिनरी तथा औजार	कार्यक्रम खर्च	१४८०३०
जम्मा			१४५४५२९

अनियमित भएको	१४,५४,५२९

५५ **जरिवाना भुक्तानी** (43,166,226-2081-09-02):

गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को बुँदा नं १६ (२) मा पानी, बिजुली, टेलिफोनको महसुल मिटर रिडिङ्ग तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले विभिन्न महिनाको बिजुली महसुल रु.२२८४१२ भुक्तानी गर्दा नेपाल विद्युत प्राधिकरणलाई समयमा महसुल नबुझाएकोले रु.४०८४४ जरिवाना भुक्तानी गरेको देखियो। समयमै महशुल भुक्तानी नगरी पालिकालाई थप व्ययभार पार्ने गरी खर्च गरेको कार्य मितव्ययी देखिएन। पालिकाले समयमै महशुल भुक्तानी गरी छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्दछ ।

५६ **बढी भुक्तानी** (326-2081-10-10):

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा सरकारी रकम खर्च गर्दा सोको पुष्टि हुने बिल भरपाई प्रमाण कागजात संलग्न भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले शिखर इन्सुरेन्सका अभिकर्ता खडगसिंह गरुङ्गलाई २ सवारी साधनको विमा नविकरण गर्दा संलग्न बिल बिजक अनुसार रु.९५९०४।- भुक्तानी गर्नुपर्नेमा रु.११५४०४।- गरेकोले रु.१९५००।- बढी भुक्तानी भएको देखियो ।अत: संलग्न बिजकभन्दा बढी भुक्तानी भएको रु.१९५००। असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१९,५००

५७ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल वा उत्पादनमा बढावा दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा पालिकाले विभिन्न शीर्षकबाट निम्नानुसारका संस्था तथा समुहलाई रकम भुक्तानी दिएको देखियो। कार्यविधि बेगर अनुत्पादक तथा वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई दिगो प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस प्रकारका वितरणमुखी कार्यक्रम तर्जुमा एवं सञ्चालनमा नियन्त्रण गरी उत्पादनमूलक एवं दिगो प्रतिफल प्राप्त हुने कार्यक्रम सञ्चालनमा जोड दिनुपर्दछ। केही उदारण निम्नानुसार छन।

भुक्तानी पाउने	प्रयोजन	रकम
लमजुङ्ग उद्योग वाणिज्य संघ (२वटालाई)	आर्थिक सहयोय	१४५०००
शिर्जनशिल सामुदायिक सिकाई केन्द्र	आर्थिक सहयोय	३००००
नेपाल शिक्षक संघ	आर्थिक सहयोय	२००००
भागिरथ युवा क्लव	आर्थिक सहयोय	२५०००
नमुना टोल गुरुङ	टेन्ट खरिद	१८००००
अकला युथ सोसाईटी	सास्कृतिक कार्यक्रम	४००००
नेपाल मगर समाज	मगर संस्कृति कार्यक्रम	४९०००
महिला समुह वार्ड नं ५	मादल बजाउने तालिम	१०००००
भुजेल समाज	मादल बजाउने तालिम	११००००
लमजुङ महोत्सव समिति	महोत्सव सञ्चालन	५००००
दुरा ठाडो भाका गीत सास्कृतिक प्रवर्धन समिति	दुरा ठाडो भाका गीत रेकडिङ	३९८६९९

५८ **सामाजिक सुरक्षा तथा संरक्षण तर्फ**

५८.१ **निकासा खर्च :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ मा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष रु.१४६८६३१७४।- बैङ्किङ प्रणालीमार्फत लाभग्राहीको बैङ्क खातामा पठाएकोमा तीन चौमासिकको हिसाब मिलान गरी वितरण नभई बाँकी रहेको रु.६०८६१३।- फिर्ता दाखिला भएको छ।

५८.२ **निकासा फिर्ता :**

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८.३ **लगत अद्यावधिक** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सबै प्रकारका लाभग्राहिले अगामी आर्थिक वर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सोही कार्यविधिको बुँदा नं ५(१)मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने व्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ। सो सम्वन्धी विवरण पुर्ण रुपमा अद्यावधिक गरेको पाईएन। तसर्थ भत्ता पाउनेको विवरण अद्यावधिक गरेर मात्र भत्ता वितरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५९ **बढी भुक्तानी** (29-2081-08-29):

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा सरकारी रकम खर्च गर्दा सोको पुष्टि हुने बिल भरपाई प्रमाण कागजात संलग्न भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाले ठेक्का नं ११-०८०।८१ माछापुछ्रे टोलमा स्लाब कल्भर्ट निर्माण कार्यका निर्माण व्यवसायी श्रीकृष्ण निर्माण सेवासँग २०८१।२।२२ मा रु.१९६१३४६।-को सम्झौता गरेकोमा सोही अनुसार कार्यसम्पन्न भएकोले संलग्न बिल विजक अनुसार रु.१९६१३३४६।- भुक्तानी गर्नुपर्नेमा रु.२०६३०५४।- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१०१७०८।- असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	१,०१,७०८

६० **प्रकाशन प्रसारण** (224-2081-08-24):

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा सरकारी रकम खर्च गर्दा सोको पुष्टि हुने बिल भरपाई प्रमाण कागजात संलग्न भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले नगरपालिकाको सूचना, सन्देश, प्रकाशन लगायतका सामग्री प्रसारण गर्न लक्ष्मी नारायण एच डी अनलाइन टेलिभिजनसँग मिति २०८१।७।१९ मा रु.२०००००।- भुक्तानी दिने गरी सम्झौता गरेकोमा सोहीअनुरुप भुक्तानी गरेको देखियो। पालिकाले उक्त म्युजिक भिडियो प्रसारण पश्चात पालिकाको वेबसाइट वा पालिकाको यूट्यूब च्यानलमा अपलोड गर्नुपर्नेमा लक्ष्मी नारायण एचडी अनलाइन टेलिभिजनको यूट्यूब च्यानलमा अपलोड गरेको उपयुक्त देखिएन। पालिकाले उक्त सामग्री पालिकाको वेबसाइट वा यूट्यूब च्यानलमा राख्नुपर्दछ।

६१ **लागत साझेदारी**

पालिकाको आर्थिक वर्ष २०८१।८२ का लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार आयआर्जन तथा कृषि तथा प्रवर्धन कार्यक्रममा पालिकाबाट ७० प्रतिशत र सम्बन्धित लाभग्राहीले ३० प्रतिशत लागत साझेदारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार कृषक तथा कृषि समुहको आयआर्जन कार्यक्रम सञ्चालनमा तोकिएको लागत साझेदारी नगराई शत प्रतिशत रकम नै पालिकाबाट खर्च लेखेको कार्य स्वीकृत कार्यक्रमको व्यवस्था विपरित देखियो। अत: स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारी हुनुपर्ने रकम सम्बन्धित लाभग्राहीबाट असुल हुनुपर्दछ ।

भौ नं र मिति	कृषक/ फर्मको विवरण	विवरण	जम्मा भुक्तानी	न. पा अनुदान ७०%	लागत साझेदारी हुनुपर्ने ३०% रकम
८९८।०८२।३।१३	सगोल मौरी फाराम	२२ थान मौरीको घार	१५००००	१०५०००	४५०००
९९५।०८२।३।१९	तुलसी मनकामना सप्लायर्स	३५ थान फलामे हलो	१०५०००	७३५००	३१५००
१०४६।०८२।३।१९	एकिकृत कृषि पशु फार्म	२६ वटा सुंगुरका पाठा	२०००००	१४००००	६००००
१०७९।०८२।३।२३	डाडाघरे पशुपन्छी पालन कृषि समुह	२८ थान मौरीको घार	२०००००	१४००००	६००००
जम्मा			६५५०००	४५८५००	१९६५००

असुल गर्नुपर्ने	१,९६,५००

६२ **गुणस्तर परीक्षण** (29-2081-08-29):

निर्माण कार्यको लागि तयार गरिएको बिड डकुमेन्ट एवं निर्माण व्यवसायीसँग भएको सम्झौताको साधारण शर्तको बुँदा नं ४१.१ मा योजना व्यवस्थापकलाई स्पेशिफिकेसनमा उल्लेख नभएका कार्यको गुणस्तर परीक्षण गराउनुपर्ने आवश्यकता महसुस गरी निर्देशन भएमा गुणस्तर परीक्षण गराउदा गुणस्तर परीक्षण प्रतिवेदनमा कुनै कमीकमजोरी देखा परेको खण्डमा निर्माण व्यवसायीले नै परीक्षण शुल्क बेहोर्नुपर्ने र कुनै कमीकमजोरी देखा नपरेको अवस्थामा उक्त परीक्षणको शुल्क मात्र कार्यालयको तर्फबाट बेहोरिने उल्लेख छ । सो अनुसार स्पेसिफिकेशन अनुसार आवश्यक सबै विषयको गुणस्तर आस्वस्तता प्रदान गर्ने निर्माण व्यवसायीको जिम्मेवारी हुने देखिन्छ । पालिकाले ठेक्का नं ११-०८०।८१ माछापुछ्रे टोलमा स्लाब कल्भर्ट निर्माण कार्यका निर्माण व्यवसायी श्रीकृष्ण निर्माण सेवा पालिकाले उक्त व्यवस्था विपरित निर्माण सामग्रीको गुणस्तर परीक्षण बापत रु.२००००।- भुक्तानी गरेको देखियो। अत: सम्झौताको शर्त विपरीत स्पष्ट निर्देशनबेगर भुक्तानी भएको सो रकम असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	२०,०००

६३ **म्याद थपबेगर भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौता बमोजिमको काम तोकिएको अवधिभित्र पुरा नहुने भएमा सम्बन्धित निर्माण व्यवसायीले सोको कारण खुलाई सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण संलग्न गरी म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईका कारण सम्झौता बमोजिमको काम तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था अनुरुप निम्नानुसार सम्झौताको विशेष शर्तको बुँदा नं ५५.१ मा सो व्यवस्था गरेता पनि सम्झौतामा तोकिएको अवधिभित्र कार्य सम्पन्न नगरी ढिलाई गरेको अवस्थामा म्याद थपका रितपूर्वकको निवेदन पेश नगरेको एवं सम्झौतानुसारको पूर्वनिर्धारित क्षतिपूर्ति दाखिला नगरी म्याद थपबेगर अन्तिम भुक्तानी भएको देखियो । अत: सम्झौतानुसारको म्याद समाप्त भैसकेको अवस्थामा भुक्तानी भएका निम्नानुसार कार्यको सम्झौताको शर्तअनुरुप पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ ।

सम्झौताको विवरण	सम्झौता (मू. अ.करबाहेक) रकम	भुक्तानी (मू. अ.करबाहेक) रकम	सम्झौतानुसार सम्पन्न हुनुपर्ने मिति	सम्पन्न गरेको मिति	पूर्वनिर्धारित क्षतिपूर्ति रकम
८-०८१।८२ कोइरालाफाँट- सिर्वानी फेदी मोटरबाटो निर्माण सुमन निर्माण सेवा	५९५४६२२	५६७१७४२	२०८२।२।३०	२०८२।३।२२	६८४७८
५-०८१।८२ सत्रसय- फुर्लुङ्गकोट बाख्रेजगत सडक स्तरोन्नती कृपेश्वर कन्सट्रक्सन	२३२११२८	२१२००३६	२०८२।१।३१	२०८२।३।१५	५२२२५
१०-०८१।८२ नेवा गुठी खल सामूदायिक भवन निर्माण एस एस निर्माण सेवा	४०९८०६७	४०५१५३२	२०८२।२।३०	२०८२।३।१५	३०७३५
७-०८१।८२ कर्मा साम्पालिङ्ग गुम्बा निर्माण सुमन निर्माण सेवा	२०२३१३३	२००२३११	२०८२।२।१५	२०८२।३।१५	३१३५९
जम्मा					१८२७९७

असुल गर्नुपर्ने	१,८२,७९७

६४ **बढी भुक्तानी**

स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत तार्कुकोट स्वास्थ्य चौकी भवन निर्माणका लागि ठेक्का नं २४-०८१।८२ का निर्माण व्यवसायी भिमकाली कन्सट्रक्सनसँग २०८२।१।१७ मा २०८२।७।३० भित्र कार्य सम्पन्न गर्ने गरी रु.८३७४१९५।- को सम्झौता भएकोमा निज निर्माण व्यवसायीले पेश गरेको बोलपत्रको लेटर अफ बिडमा बोलकबोल गरेको रकममा ०.२५ प्रतिशत छुट दिने उल्लेख गरेको देखियो। सो निर्माण कार्यका लागि यो वर्ष गो भो नं ३-०८२।३।२३ बाट प्रथम रनिङ्ग बिल बापत रु.२२८०७९९।४३ भुक्तानी भएकोमा निर्माण व्यवसायीले उल्लेख गरेको छुट रकम घटाएको देखिएन। अत: छुटबाहेक प्रथम रनिङ्ग बिल बापत रु.२२७५१७६।- भुक्तानी हुनुपर्नेमा रु.२२८०७७९।४३ भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	५,६०३

६५ **१५ शैय्या अस्पताल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौताबमोजिमको काम तोकिएको अवधिभित्र पुरा नहुने भएमा सम्बन्धित निर्माण व्यवसायीले सोको कारण खुलाई सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण संलग्न गरी म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ। ठेक्का नं.०२-०७७।७८ अन्तर्गत १५ शैयाको अपताल भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी ड्रागन/विकोन जे.भी. सँग २०७८।८।२२ मा २०८१।५।२७ भित्र कार्य सम्पन्न गर्ने गरी रु.१०५७६६९७९।४८ को सम्झौता भएकोमा यस वर्ष चौथो रनिङ्ग बिलबापत रु. ९६३९२००।-समेत हालसम्म रु.२६८१४०४६। ९७ अर्थात २५.५६ प्रतिशत कार्य भई भुक्तानी भएको देखियो ।निर्माण व्यवसायीले प्रथम पटक २०८१।५।४ मा म्याद थप माग गरेको उल्लेख गरी कार्यपालिकाले २०८१।५।२७ मा संशोधित कार्यतालिका लिई अन्तिम पटकका लागि ११ महिना अर्थात् २०८२।४।२७ सम्म म्याद थप गरेकोमा निर्माण व्यवसायीले म्याद थपका लागि पेश गरेको निवेदन एवं संशोधित कार्यतालिका लेखापरीक्षणका क्रममा पेश नभएकोले सो सम्बन्धमा थप विश्लेषण गर्न सकिएन। शुरु सम्झौता अवधिको शत प्रतिशत समयावधि समाप्त भई ३३.३३ प्रतिशत समयावधि थप हुँदासमेत सम्झौतानुसारको कार्य सम्पन्न नगरी कार्यप्रगति न्यून रहेको उपयुक्त देखिएन।तत्पश्चात सो कार्यको निर्माण व्यवसायीले २०८२।४।४ मा वर्षा, बाढी, पहिरो, विगतको निर्वाचन एवं ३ इलेक्ट्रिक पोल हटाउन नसकेका कारण २०७९ मंसिरदेखि मात्र कार्य सुचारु गरेको उल्लेख गरी पुन: १२ महिना म्याद थप माग गरेकोमा सोको वस्तुनिष्ठ आधार प्रमाण एवं कार्यतालिका पेश नगरेको एवं पालिकाबाट सो सम्बन्धमा कुनै पत्राचार एवं निर्णय भएको देखिएन। अत: सम्झौतानुसार कार्य नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद कानुन एवं सम्झौताका शर्तअनुरुप कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

सोही निर्माण कार्यका निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको बुँदा नं ३४.३ मा हरेक ६० दिनभित्र अपडेटेड प्रोग्राम पेश गर्नुपर्ने र सो नगरेमा रु.५० हजार विथहोल्ड गर्नुपर्ने उल्लेख छ । पालिकाले २०८१।१०।२ मा संशोधित कार्यतालिकाका लागि पत्राचार

गरेता पनि सम्झौताको शर्त अनुरुप अपडेटेड प्रोग्राम एवं संशोधित कार्यतालिका पेश गर्न लगाई निर्माण व्यवसायीलाई सो अनुसार कार्य गराएको एवं नगरेमा तोकिएको रकम विथहोल्ड गरी राखेको देखिएन। सम्झौताको शर्तअनुरुप अपडेटेड प्रोग्राम एवं संशोधित कार्यतालिका पेश नगर्ने निर्माण व्यवसायीबाट उक्त रकम असुल गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	५०,०००

६६ **गुणस्तर परीक्षण**

निर्माण कार्यको लागि तयार गरिएको बिड डकुमेन्ट एवं निर्माण व्यवसायीसँग भएको सम्झौताको साधारण शर्तको बुँदा नं ४१.१ मा योजना व्यवस्थापकलाई स्पेशिफिकेसनमा उल्लेख नभएका कार्यको गुणस्तर परीक्षण गराउनुपर्ने आवश्यकता महसुस गरी निर्देशन भएमा गुणस्तर परीक्षण गराउदा गुणस्तर परीक्षण प्रतिवेदनमा कुनै कमीकमजोरी देखा परेको खण्डमा निर्माण व्यवसायीले नै परीक्षण शुल्क बेहोर्नुपर्ने र कुनै कमीकमजोरी देखा नपरेको अवस्थामा उक्त परीक्षणको शुल्क मात्र कार्यालयको तर्फबाट बेहोरिने उल्लेख छ ।सो अनुसार स्पेसिफिकेशन अनुसार आवश्यक सबै विषयको गुणस्तर आस्वस्तता प्रदान गर्ने निर्माण व्यवसायीको जिम्मेवारी हुने देखिन्छ ।पालिकाले ठेक्का नं ७- ०८१।८२ कर्मा साम्पालिङ्ग गुम्बा निर्माण कार्यका लागि २०८१।९।५ मा निर्माण व्यवसायी सुमन निर्माण सेवासँग २०८२।२।१५ भित्र कार्यसम्पन्न गर्ने गरी रु.२२८२८९२।- को सम्झौता गरेकोमा रु.२२५९३६२।- को कार्य सम्पन्न गो.भौ.नं.३१-०८२।३।२३ बाट उक्त रकम भुक्तानी भएको देखियो । उक्त कार्य सम्पन्न भई भुक्तानी गरेकोमा बिल अफ क्वान्टिटीजको प्रोभिजनल सममा गुणस्तर परीक्षणका लागि व्यवस्था भएको रु.१००००।- समेत भुक्तानी भएको देखियो । यसरी पालिकाले सम्झौताको शर्तविपरित योजना व्यवस्थापकको निर्देशनबेगर नियमित गुणस्तर परीक्षण कार्यको भुक्तानी गर्न मिल्ने नदेखिएकोमा पालिकाबाट भुक्तानी गरेको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	१०,०००

६७ **नापीभन्दा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।सडक बोर्डसँगको साझेदारीमा ठेक्का नं.१२-०८०।८१ मातृभूमि क्याम्पस सुन्दरबजार हस्पिटल मर्स्याङ्दी पर्यटन केन्द्र सडक स्तरोन्नती तथा मर्मत कार्यका लागि कृपेश्वर कन्सट्रक्सनसँग २०८१।४।११ मा २०८१।७।१४ भित्र कार्यसम्पन्न गर्ने गरी रु.६२४२५७०।४३ को सम्झौता भएकोमा रु.६०१६५१०।– को कार्यसम्पन्न भई भुक्तानी भएको देखियो। पालिकाले अन्तिम बिलसम्म संलग्न नापी किताब अनुसार स्टोन सोलिङ्गको २५८.२७ घनमिटर कार्य भएकोमा २८५.१५ घनमिटर कार्यको प्रतिघनमिटर रु.२३०० का दरले भुक्तानी गरेकोले नापी किताबमा उल्लेख भएभन्दा बढी २६.८८ घनमिटरको रु.२३०० का दरले भुक्तानी भएको रकम मूल्य अभिवृद्धि करसहित असुल गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	६९,८६१

६८ **घटी अग्रिम कर कट्टा**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१३,०९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६९ **अधुरो कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(३ख) मा सेवा प्रदायक वा व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज व्यवसायीले व्यहोर्नु पर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं २५-०८१।८२ गढीकालिका जाने पैदल मार्ग निर्माण कार्यका लागि २०८२।१।८ मा २०८२।३।२६ रेशम एण्ड गौली कन्सट्रक्सनसँग रु.७७०१४५१।- को सम्झौता गरेकोमा सो अवधिमा रु.३८३१५७६ को कार्य भई कार्य अधुरो रहेको छ । पालिकाले तोकिएको समयमा कार्य सम्पन्न

नगरेकोमा कार्य तालिका अनुसार कार्य गर्न व्यवसायीलाई निर्देशन दिएको एवं सो योजनाका लागि २०८२।८३ मा बजेट विनियोजन गरेको छैन । सम्झौताको शत प्रतिशत अवधि समाप्त हुँदा पनि निर्माण व्यवसायीले कार्य नगरेको कारणले योजना अधुरो रहेको छ। यस्तो अवस्थामा सम्बन्धित व्यवसायीको कार्य योजना लिएर निर्माण कार्य गर्नुपर्दछ। सो अनुसार कार्य नगर्ने व्यवसायीको कारणबाट योजनाको समय र लागत वढ्दै गएको अवस्थामा ठेक्काको अवस्था विश्लेषण गरी उल्लिखित कानुनी व्यवस्था अनुसार बैकल्पिक माध्यमले कार्य गरेर बढी दायित्व आउने लागत सम्बन्धितबाट भराउने गरी कार्य सम्पादन गराउनु पर्दछ।

७० **बढी कन्टीन्जेन्सी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले ४ प्रतिशत कन्टीन्जेन्सी खर्च गर्ने मान्यता राखी खर्च गर्दै आएकोमा यस वर्ष गरेको गर्दा केहि योजनाको कन्टीन्जेन्सी खर्चको नमूना परीक्षण गर्दा निम्नानुसार बढी खर्च गरेको देखियो।यसरी योजनागत कन्टीन्जेन्सी खाता नराखी नियममा तोकिएको भन्दा बढी खर्च लेखेको कार्यलाई नियमित मान्न सकिएन ।

निर्माण कार्यको विवरण	**निर्माण कार्यमा भएको खर्च**	**४ प्रतिशतले हुने कन्टीन्जेन्सी रकम**	**खर्च गरेको कन्टीन्जेन्सी रकम**	**फरक रकम**
गढीकालिका जाने पैदल मार्ग निर्माण	३८३१५७६	१५३२६३	२६७०२८	११३७६५
कर्मा साम्पालिङ्ग गुम्बा निर्माण	२२५९३६२	९०३७४	१६६९४७	७६६००
जम्मा				१९०३६५

अनियमित भएको	१,९०,३६५

७१ **दाखिला गर्न बाँकी कर**

आयकर ऐन, २०५८ को दफा ९० मा कट्टी गरेको अग्रिम कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले विविध खर्च खातातर्फ गो.भौ.नं ५-०८२।३।३२ बाट बा २ झ १०४३ नं को गाडी मर्मतबापत सुस्मा अटो मोटर पार्ट्सलाई रु.२४७७००।- भुक्तानी गर्दा अग्रिम करकट्टी गरेको रु.३७१६।– दाखिला गर्न बाँकी रकेको देखियो । दाखिला गर्न बाँकी कर नियमानुसार दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	३,७१६

७२ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार भुक्तानी गर्दा संलग्न कागजात एवं बिलविजकभन्दा बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

गोभौनं./मिति	**विवरण**	**भुक्तानी हुनुपर्ने रकम**	**भुक्तानी भएको रकम**	**बढी भुक्तानी**
२८६-२०८२।३।२५	युरो मोटर्स प्रा लि: स्कुटर तथा मोटरसाइकल खरिद	७१६०००	७१७८००	१८००

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३,१०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,८००

७३ **स्यानिटरी प्याड** (293-2082-03-10):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदा नं. २०(६) बमोजिम छात्राहरुको संख्याको आधारमा विद्यालयको खातामा रकम निकासा गर्न सकिने व्यवस्था छ । साथै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन

कार्याविधि, २०८१/८२ क्रियाकलाप नं २.८.१० मा स्थानीय तहले विद्यालयबाट हुने स्यानीटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो को प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ११०७ छात्राका लागि प्याड वितरण गर्न रु.१२० का दरले १० महिनाको १४ विद्यालयका खातामा रु.१३२८४००।- रकम निकासा गरेको देखिन्छ । पालिकाले निकासा भएको अनुदान रकमबाट विद्यालयले कार्यविधिले तोकेको मापदण्ड अनुसार गुणस्तरयुक्त प्याड खरिद गरी वितरण गरे नगरेको यकिन हुने कुनै प्रमाण तथा अनुगमन प्रतिवेदन पेश गरेको छैन । लेखापरीक्षणको अवधिसम्म पनि विद्यालयले अनुदान रकम उपयोग गरेको देखिने प्रमाण पेश नभएकोले देहायका विद्यालयले स्यानीटरी प्याड खरिदको प्रमाण एवं वितरणको अवस्थासहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

सिनं	विद्यालय	जम्मा विद्यार्थी	दर	भुक्तानी
१	शान्ति मा.वि	७१	१२००	८५२००
२	महेन्द्रमन्दिर मा.वि	३२	१२००	३८४००
३	सिद्धि सदन प्रा.वि	३	१२००	३६००
४	संस्कृति सदन मा.वि	५३	१२००	६३६००
५	विद्याज्योति मा.वि	२०६	१२००	२४७२००
६	आदर्श बाल मा.वि	२११	१२००	२५३२००
७	मर्स्याङ्दी आ.वि	१७	१२००	२०४००
८	भारती सदन मा.वि	३३	१२००	३९६००
९	भक्तिनमूना मा.वि	३०२	१२००	३६२४००
१०	भविष्य निर्माण मा.वि	७	१२००	४८०००
११	सौभाग्य सदन मा.वि	३२	१२००	३८४००
१२	सर्वोदया मा.वि	७५	१२००	९००००
१३	अकला बगैचा आ.वि	७	१२००	८४००
१४	सरस्वती सदन मा.वि	२५	१२००	३००००
जम्मा				१३२८४००।-

प्रमाण पेश नगरेको	१३,२८,४००

७४ **सामुदायिक सिकाई केन्द्र** (120-2082-01-02):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को उपक्रियाकलाप नं ६.७ मा स्थानीय तहले नियमित रुपमा सञ्चालनमा रहेका, आगामी बर्षको बजेट तथा कार्यक्रम स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेश भएको लगायतका आधारमा रु प्रति केन्द्र वार्षिक ३ लाख रुपैयाँसम्म अनुदान दिन सक्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका सिकाई केन्द्रलाई रु.११४००००।- अनुदान दिएकोमा उक्त खर्च सामाजिक परिचालक राखी मासिक १०००० का दरले भुक्तानी दिने र बाँकी रकम बार्षिक कार्यक्रम स्वीकृत गरी खर्च गर्नुपर्नेमा सामुदायिक सिकाई केन्द्रले स्वीकृत कार्यक्रमअनुसार गर्नुपर्नेमा सो सम्बन्धमा खर्च गरे नगरेको सम्बन्धमा यकिन हुने प्रमाण र आधार पेश भएको देखिएन । अतः अनुदान प्राप्त सिकाई केन्द्रले वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र स्वीकृत कार्यक्रमअनुसारको कार्य गरेको देखिने कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

क्र.स	सामुदायिक सिकाई केन्द्र	अनुदान रकम
१	भोटेओडार सामुदायिक सिकाई केन्द्र	३०००००
२	पहराखोल्सी सामुदायिक सिकाई केन्द्र	२८००००
३	सुन्दरबजार सामुदायिक सिकाई केन्द्र	२८००००
४	सिर्जनशील सामुदायिक सिकाई केन्द्र	२८००००
जम्मा		११४००००

प्रमाण पेश नगरेको	११,४०,०००

७५ **बालविकास सहजकर्ता**

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ को प्रथम संशोधन, २०७५ मा प्रारम्भिक बालविकास तथा पूर्वप्रथमिक शिक्षालाई एउटा विद्यालयमा २५ जनासम्मको लागि विद्यालयभित्र छुट्टै कक्षा कोठा र १ जना तालिम प्राप्त सहजकर्ता (इसीडी) व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिका अन्तरगत सञ्चालित देहायका ७ विद्यालयले मार्गदर्शक पुस्तिकामा उल्लेख भएको व्यवस्था भन्दा १४ जना बढी बालबिकास सहजकर्ता कार्यरत रहेको देखिन्छ । यसबाट बालविकास सहजकर्ताको पारिश्रमिक खर्चमा वार्षिक रु.३२३४०००।- थप व्ययभार परेको देखिन्छ ।अत: मार्गदर्शक पुस्तिकामा उल्लेख भए भन्दा बढी सहजकर्ता राखेको नियमसम्मत मान्न सकिएन ।

क्र.स	विद्यालयको नाम	विद्यार्थी संख्या	कार्यरत इसीडी संख्या	बढी संख्या	वार्षिक खर्च
१	कान्ति मन्दिर मा.वि	१४	३	२	४६२०००
२	महादेवी प्रा.वि	२२	३	२	४६२०००
३	सर्वोदय मा.वि	१७	३	२	४६२०००
४	मन्दिरा मा.वि	९	२	१	२३१०००
५	विद्याज्योती मा.वि	२४	२	१	२३१०००
६	समाजसेवा प्रा.वि	६	२	२	४६२०००
७	मर्स्याङ्दी आ.वि	१९	३	२	४६२०००
८	अकला आ.वि	१३	२	१	२३१०००
९	शान्ति निकेतन मा.वि	११	२	१	२३१०००
जम्मा				१४	३२३४०००।-

अनियमित भएको	३२,३४,०००

७६ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ को परिच्छेद १५ को नियम ७७ मा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष ३१ सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात सबैभन्दा बढी विद्याज्योति माध्यमिक विद्यालयमा १:२० र सबैभन्दा कम आदर्श प्राथमिक विद्यालयमा १:२ रहेको देखियो । साथै ३१ विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:१० भन्दा कम देखिन्छ । सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानुनले तोकेबमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वायन गरेको देखिएन ।

क्रसं	विद्यालयको नाम	जम्मा शिक्षक	जम्मा विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	आदर्श बाल मावि	२६	५१४	१:२०
२	आदर्श प्रावि	३	६	१:२
३	अकला आवि	९	४३	१:५
४	भविष्य निर्माण मावि	१८	१४५	१:८
५	भैरवदेवी प्रावि	३	१९	१:७
६	भक्ति नमूना मावि	२५	५०५	१:२०
७	भारती सदन मावि	१५	१०५	१:७
८	देवीसदन प्रावि	४	२८	१:७
९	दुर्गादेवी प्रावि	४	१४	१:४
१०	गाउँफर्क प्रावि	३	१८	१:६
११	ज्वालादेवी प्रावि	२	७	१:४
१२	कालिका शिक्षा मन्दिरप्रावि	२	५	१:३
१३	कान्ति मन्दिर मावि	१४	५५	१:४
१४	महादेवी प्रावि	८	६४	१:८
१५	महेन्द्र मन्दिर मावि	१५	९४	१:६
१६	मनकामना प्रावि	३	२३	१:८
१७	मर्स्याङ्दी आवि	१०	८५	१:९
१८	पाणिनि संस्कृत मावि	१२	५६	१:५
१९	समाज सेवा प्रावि	४	२६	१:७
२०	संस्कृतिसदन मावि	१५	२०१	१:१४
२१	सरस्वती सदन मावि	१२	४७	१:४
२२	सर्वोदय मावि	१८	२१८	१:१२
२३	सौभाग्यसदन मावि	१५	१०२	१:७
२४	शान्ति मावि	२२	२१५	१:१०
२५	शान्ति निकेतन प्रावि१०	२	१२	१:६
२६	शान्ति निकेतन प्रावि६	५	३१	१:६
२७	शान्ति सिर्जना प्रावि	५	५७	१:१२
२८	शोभा मन्दिर प्रावि	१	३	१:३
२९	सिद्धिसदन आवि	५	३२	१:६
३०	शिक्षा सदन प्रावि	३	१८	१:६

३१	विद्याज्योति मावि	२३	४४९	१:१९

७७ **निशुल्क पाठ्यपुस्तक अनुदान** (104,180,238-2082-03-13):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं २.३.३ अनुसार सार्वजनिक विद्यालयका विद्यार्थिका लागि निशुल्क पाठ्यपुस्तक अनुदान स्थानीय तह अन्तर्गत सञ्चालित विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थिलाई दिने व्यवस्था छ ।पालिकाले यो वर्ष पाठ्यपुस्तक अनुदानमा रु.१८४१६६७।- विद्यालयको खातामा निकासा गरेको देखिन्छ । विद्यालयको खातामा निकासा भएको रकम २०८१।८२ को IEMIS को विद्यार्थी संख्या, जनक शिक्षा सामग्रीको पाठ्यपुस्तकको दररेट र ऐच्छिक विषयको लागि पाउने रकमसँग भिडान गर्दा देहायका विद्यालयलाई रु.१२११५।- बढी निकासा गरेको देखियो । यसरी बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्दछ ।

क्र.स	विद्यालयको नाम	निकासा भएको रकम	निकासा हुनुपर्ने रकम	बढी निकासा
१	आदर्श प्रा.वि	५७२७	३२५७	२४७०
२	भैरवदेवी प्रावि	७५७२	५५९५	१९७७
३	कालिका शिक्षा प्रा.वि	५९७६	२०८४	३८९२
४	संस्कृत सदन मा.वि	१३००६५	१२६२८९	३७७६
जम्मा				१२११५।-

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५५,०१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३,२७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **६,९६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३,२१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२,१५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३६,३१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४,१०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१३,४३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१२,११५

७८ **विद्यालय अनुदान** (225-2082-03-11):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत लेखापरीक्षण खर्च मा.वि, प्रा.वि लाई रु.१५०००, १००००, ईन्टरनेट खर्च मा.वि निमावि र प्राविलाई रु.२००००, १५०००, १२००० का दरले सोहि कार्यविधिको क्रियाकलाप नं ७.२.९.१ मा सामुदायिक विद्यालयमा अध्ययनरत १ देखि ८ सम्मका छात्रा र दलित विद्यार्थीलाई छात्रवृत्ति दिनसक्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका विद्यालयमा उल्लेखित शिर्षकमा रु.१००९६००।-खर्च लेखेको देखिन्छ । अतः देहायबमोजिमका विद्यालयहरुले गत वर्षको लेखापरीक्षण प्रतिवेदन र यो वर्षको ईन्टरनेट जडानको बिल भरपाई एवं छात्रवृत्ति वितरणको भरपाई पेश गरेको नदेखिएकोले अनुदान रकम तोकिएअनुरुप उपयोग भएको सुनिश्चित हुने प्रमाण पेश हुनुपर्दछ ।

सिनं	विद्यालय	लेखापरीक्षण खर्च	इन्टरनेट खर्च	छात्रवृत्ति रकम	जम्मा
१	शान्ति मा.वि.	१५०००	२००००	२०४००	५५४००
२	कान्तिमन्दिर मा. वि.	१५०००	२००००	९२००	४४२००
३	महेन्द्रमन्दिरप्रा. वि.	१५०००	२००००	६४००	४१४००
४	महादेवीप्रा. वि.	१००००	१२०००	०	२२०००
५	पाणिनिसंस्कृत मा. वि.	१५०००	२००००	०	३५०००
६	सर्वोदयमा. वि.	१५०००	२००००	०	३५०००
७	शिक्षासदनप्रा. वि.	१००००	१२०००	०	२२०००
८	शान्तिसिर्जना प्रा. वि.	१००००	०	०	२२०००
९	मनकामनाप्रा. वि.	१००००	१२०००	०	२२०००
१०	संस्कृतिसदनमा. वि.	१५०००	२००००	१४४००	४९४००
११	गाउँफर्क प्रा. वि.	१००००	१२०००	४८००	२६८००
१२	विद्याज्योतिमा. वि.	१५०००	२००००	०	३५०००
१३	दुर्गादेवी प्रा. वि.	१००००	१२०००	४८००	२६८००
१४	समाजसेवा प्रा. वि.	१००००	१२०००	०	२२०००
१५	आदर्श बालमा. वि.	१५०००	२००००	०	३५०००
१६	आदर्शप्रा. वि.	१००००	१२०००	४८००	२६८००
१७	शान्तिनिकेतन प्रा. वि.	१००००	१२०००	७२००	२९२००
१८	भैरवदेवी प्रा. वि.	१००००	१२०००	७२००	२९२००
१९	मर्स्याङ्दीआ. वि.	१००००	१५०००	१००००	३५०००
२०	भारती सदनमा वि	१५०००	२००००	०	३५०००
२१	कालिकाशिक्षा मन्दिर प्रा. वि	१००००	१२०००	५२००	२७२००
२२	अकलाबगैंचा आ. वि.	१००००	१५०००	४०००	२९०००
२३	भक्तिनमूना मा. वि.	१५०००	२००००	२०८००	५५८००
२४	भविष्यनिर्माणमा. वि.	१५०००	२००००	८८००	४३८००
२५	सौभाग्यसदनमा. वि.	१५०००	२००००	८८००	४३८००
२६	शान्तिनिकेतन प्रा. वि.	१००००	१२०००	८००	२२८००
२७	ज्वालादेवीप्रा. वि.	१००००	१२०००	०	२२०००
२८	सिद्धिसदनआ.वि.	१००००	१५०००	४०००	२९०००
२९	सरस्वतीसदनमा. वि.	१५०००	२००००	२८००	३७८००
३०	देवीसदन प्रा. वि.	१००००	१२०००	५६००	२७६००

३१	शोभामन्दिरप्रा. वि.	१००००	१२०००	१६००	२३६००
३२	श्री सदनप्रा. वि.	१००००	०	०	१००००
	जम्मा	३८५०००	४७३०००	१५१६००	१००९६००

प्रमाण पेश नगरेको	१०,०९,६००

७९ **शिक्षक दरबन्दी अवस्था**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

विद्यालय संख्या	स्वीकृत दरबन्दी	पदपूर्ति	पदपूर्तिमध्ये स्थायी	पदपूर्तिमध्ये करार	रिक्त	विद्यार्थी संख्या
३१	२६३	२६३	१९२	५४	०	३६७९

पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका ३१ विद्यालयमा २६३ शिक्षक दरबन्दी रहेकोमा २६३ पदपूर्ति भएको र पदपूर्तिमध्ये ५४ शिक्षक करारमा कार्यरत रहेको देखिन्छ ।साथै ३१ विद्यालयमा ३६७९ विद्यार्थी रहेको विवरणबाट देखिएकोले विद्यालय अनुसार शिक्षक विद्यार्थी अनुपात १:१४ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान गर्नुका साथै न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ।

८० **लागत र प्रतिफल**

यो वर्ष पालिका अन्तर्गत सञ्चालित ३१ सामुदायिक विद्यालयमा विद्यार्थी संख्या ३६७९ रहेकोमा संघ प्रदेश र स्थानीय तहको स्रोतबाट जम्मा खर्च रु.२५ करोड ५८ लाख ७९ हजार रहेको छ । सो अनुसार प्रति विद्यार्थी लागत अनुमान रु.६९५५१।- लागेको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिका अन्तर्गतका १३ वटा विद्यालयबाट ३२१ विद्यार्थी एस ई ई को परीक्षामा सहभागी भएकोमा २२६ विद्यार्थी अर्थात् ७० प्रतिशत उत्तीर्ण भएका छन । सरकारको लगानी शिक्षा क्षेत्रमा बढीरहेको अवस्थामा शिक्षाको गुणस्तर तथा प्रतिफल थप सुधार हुनुपर्ने देखिन्छ । पालिकाले शिक्षाको गुणस्तर वृद्धि गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाई शिक्षाको गुणस्तरमा थप सुधार गर्नेतर्फ जोड दिनुपर्दछ ।

८१ **प्रगति प्रतिवेदन**

सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७२ को बुदा नं २७ बमोजिम पहिलो चौमासिक निकासा दिदा पछिल्लो वर्षको बार्षिक प्रतिवेदन, दोस्रो चौमासिक निकासा दिदा प्रथम चौमासिकको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्राविधिक शिक्षा पठनपाठन गराउने भक्ति नमुना माध्यमिक विद्यालयमा रु. ७ लाख र सर्वोदय माध्यमिक विद्यालयमा रु.७ लाख गरी रु.१४००००० अनुदान निकासा गरेको देखियो । उक्त विद्यालयले कुन विषयमा प्राविधिक शिक्षा अध्यापन गराएका छन, कति विद्यार्थी अध्ययनरत छन जस्ता विषयहरु समेटी प्रगति प्रतिवेदन बेगर शिक्षकको तलबी माग फारमका आधारमा तलब भत्ता एकमुष्ट रु.१४ लाख विद्यालयको खातामा निकासा गरेको देखिन्छ ।अत: पालिकाले विद्यालयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को मापदण्ड बमोजिम कक्षा सञ्चालन भए नभएको अनुगमन गरी अनुदान निकासा गर्दा प्रगति प्रतिवेदन पेश गर्न लगाउनुपर्दछ ।

८२ **शैक्षिक गुणस्तर कार्यक्रम** (189-2082-03-23):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **८,१०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८३ **कार्यक्रम सञ्चालन**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को बुँदा नं ७ मा सरकारी निकायबाट सञ्चालन हुने वा भईरहेको सिपमुलक तालिम कार्यक्रमलाई एकिकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले महिलाहरुका लागि उद्यमशिलता विकास तथा व्यावसायिक सचेतना सम्बन्धी कार्यक्रम देहायबमोजिम फरक फरक ठाउँमा एउटै मितिमा सञ्चालन गरेकोले सोको यथार्थता यकिन गर्न सकिएन । एउटै प्रकृतिको कार्यक्रम सञ्चालन गर्दा एकै समयमा नदोहोरिने गरी एकिकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

क्र.स	कार्यक्रमको नाम	सञ्चालन मिति	कार्यक्रम प्रतिवेदक	कार्यक्रम व्यवस्थापन	कार्यक्रम स्थान	खर्च रकम
१	महिलाहरुका लागि उद्यमशिलता विकास तथा व्यावसायिक सचेतना सम्बन्धी कार्यक्रम	२६८/२०८२।३। ११-१५ सहभागी ५० जना	सुस्मिता भट्टराई	सुस्मिता भट्टराई	उद्योग वाणिज्य महासंघको हलमा	१२४४९५
२	महिलाहरुका लागि उद्यमशिलता विकास तथा व्यावसायिक सचेतना सम्बन्धी कार्यक्रम	२४५/२०८२।३। १२-१४ सहभागी २५ जना	सुस्मिता भट्टराई	विवेक कुमार मण्डल	नगरपालिकामा	६६२१०

८४ **नवजात छोरी बचत खाता** (53-2082-03-32):

पालिकाले छोरीका नाममा बैङ्क खाता खोल्ने सम्बन्धी कार्यविधि, २०७९ का आधारमा नवजात छोरीको नाममा खाता खोली रु.२००० जम्मा गर्ने गरेको देखियो । यो वर्ष पालिकाले २७ नवजात छोरीको नाममा खाता खोली उक्त खातामा रु.५४००० जम्मा गरेको छ । यस प्रकारका खाता सञ्चालनबाट भविष्यमा पालिकालाई पर्ने आर्थिक भार आँकलन गरी कोष स्थापना र सञ्चालन गर्नेतर्फ ध्यान पुर्याउनु पर्दछ ।

८५ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र २५ लाख भन्दा माथि बोलपत्र मार्फत खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष सोझै र बोलपत्रमार्फत रु.२८९४९२९।- को औषधी खरिद गरेको देखिन्छ। यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

भौचर नं / मिति	सप्लायर्स	रकम	खरिद प्रक्रिया	कैफियत
५५/ २०८१।९।१८	रिदान मेडिसिन सप्लायर्स	९९९८५४	कोटेशन	संघीय स्रोत
९२/२०८१।११।२७	मुद्ठी इन्टरप्राइजेज प्रा.लि	८४७५०	सोझै खरिद	सुगर जाच्ने मेसिन खरिद, संघीय स्रोत
६७/२०८१।१०।८	मुद्ठी इन्टरप्राइजेज प्रा.लि	२४००००	कोटेशन	डेगुं किट खरिद, संघीय स्रोत
विभन्न	पपुलर कनेक्सन नेपाल	१५७०३२५	ठेक्का मार्फत	संघीय र पालिका स्रोत
जम्मा		२८९४९२९।-		

- पालिकाले आर्थिक वर्षको सुरुवातमै औषधिको मौज्दातको अवस्थालाई विश्लेषण गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा समयमै आवश्यकता यकिन गरेको छैन,

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,
- खरिद भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको अद्यावधिक अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण छुट्टाछुट्टै व्यवस्थित गर्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ

८६ **औषधि रिप्याकिङ** (30-2082-03-11):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **७,७३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **७,७३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **७,७३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७,७३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५,५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५,५३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८७ **वितरणमुखी योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय जनश्रमदान जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले वार्षिक बजेटबाट विभिन्न समूहहरुको भवन मर्मत तथा निर्माण लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन। पालिकाले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकलापमा खर्च गर्नुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन ।

समूहको नाम	प्रमुख कार्य	रकम (कर सहित)
ज्वालामुखी आमा समूह वडा नं १०	समूह भवन मर्मत	५००००
प्रगतीशील आमा समूह	समूह भवन निर्माण स्तरोन्नती	१०००००
कालिका आमा समूह	समूह भवन निर्माण	३०००००
चण्डी आमा समूह	समूह भवन निर्माण स्तरोन्नती	२०००००

८८ **नर्म्स भन्दा बढी भुक्तानी** (255-2081-09-26):

गण्डकी प्रदेश खर्चको मापदण्ड २०७९ अनुसुची १(२) अनुसार गोष्ठी सेमिनार कार्यशालाको प्रशिक्षणको पारिश्रमिक भुक्तानी गर्दा कक्षा सञ्चालनबापत रु.७००।- र कार्यपत्रबापत रु.१०००।- भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले शैक्षिक गुणस्तर सुधारमा प्रधान अध्यापकको भुमिका विषयक १ दिने कार्यशालामा नेपाल निवृत्त शिक्षक समाज लमजुङ्गका अध्यक्ष खुशिराम डोलियालाई कार्यपत्र बापत रु.१००० र प्रस्तुती बापत रु.७०० समेत रु.१७००।- का दरले २ सेसनको रु.३४००।- भुक्तानी गर्नुपर्नेमा ७०००।- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.३६००।- असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	३,६००

८९ **इन्धन खर्च**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा सरकारी रकम खर्च गर्दा सोको पुष्टि हुने बिल भरपाई प्रमाण कागजात संलग्न भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले इन्धनबापत रु.४१०००००।- बजेट विनियोजन गरेकोमा विभिन्न गोश्वरा भौचर र मितिबाट इन्धन पदाधिकारी र इन्धन कार्यालय प्रयोजनको समेत रु.३९३८०००।- इन्धन खरिद गरी आयल स्टोर्सलाई भुक्तानी गरेको छ ।पालिकाले म.ले.फा.न ९०५ अनुसारको प्रत्येक सवारी साधनको लागि बेग्लाबेग्लै लगबुक राख्नुपर्ने तथा सबै महलमा भर्नुपर्ने विवरण खुलाई सवारी साधनको लगबुक राखेको देखिएन जसले गर्दा सवारी साधनको इन्धन खपत र गुडेको किलोमिटर बिश्लेषण गर्न सकिएन ।पालिकामा ३ हलुका सवारी साधन, १ शव वाहन बस एवं ३५ थान मोटरसाइकल चालु अवस्थामा रहेको देखियो।सवारी साधनको तुलनामा इन्धनको खर्च उच्च देखिएकोले खर्चमा मितव्ययीता कायम हुने गरी नियन्त्रणको व्यवस्था मिलाउनुपर्दछ।

९० **जिन्सी दाखिला**

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ८३ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ।नेपाल सरकारको २०७७।७।२० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली तिनै तहका सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा नमुना परीक्षण गर्दा पालिकाले देहायबमोजिम खर्च भई जाने तथा नजाने मालसामान प्रणालीमा आम्दानि बाँधि जिन्सी अद्यावधिक गरेको देखिएन। तसर्थ निम्नानुसारका सामान उक्त प्रणालीमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौ नं र मिति	फर्म / सप्लायर्सको नाम	विवरण	भुक्तानी
११४५।०८२।३।१९	प्रिज्मा इन्फोसिस	नगरपालिकाको सेवा प्रवाहको मापदण्ड २०८२	२४८३७४
७५८।०८२।३।४	लक्ष्मी रेडीयो एण्ड टि भि हाउस	एसी थान १	१४००००
१७९।०८२।२।१७	ओम फर्निचर	सोफासेट थान १ रिभल्विङ्ग चियर थान २ र सेमी वोस चियर	१९८५४१
जम्मा			५८६९१५

प्रमाण पेश नगरेको	५,८६,९१५

९१ **पारिश्रमिक कर**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१७,५५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको र कार्यक्रमलाई व्यबस्थित रुपमा सञ्चालनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरिएको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वटा वडामा ७ योजना सञ्चालन गरी यस वर्ष ८९३ जना सूचीकृतमध्ये ८३ जनालाई औषतमा ८३ दिनको रोजगारी उपलब्ध गराई नेपाल सरकार र आईडिएबाट रु.४१०८२४३।- श्रमिक ज्यालामा खर्च गरेको छ। योजना छनौट गर्दा योजना छनौटका आधार नखुलाएको कारण पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन।पालिकाले दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएता पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सिर्जनाा भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

९३ **विज्ञापन बोर्ड शुल्क**

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१(ख) मा भएको व्यवस्था एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च.नं ३८२ मिति २०७९।०५।०७ को पत्र बमोजिम विज्ञापन वापतको रकम भुक्तानी गर्दा मू.अ.कर बाहेकको रकममा ३% को दरले रकम कट्टा गरी विज्ञापन बोर्डको नाममा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार विज्ञापन ऐजेन्सीलाई सूचना प्रकाशनबापत देहाय बमोझिम भुक्तानी गरेकोमा ३ प्रतिशतले हुने रकम रु.१९१४०।- असुल गरी विज्ञापन बोर्डको खातामा दाखिला गरेको देखिएन । अत: ऐनको व्यवस्था अनुसार उक्त रकम दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

गो भौ नं, मिति	विवरण	भुक्तानी भएको रकम	कट्टी गर्नुपर्ने रकम
१४४।०८१।८।१६	लमजुङ्ग दर्पण	५८०००	१७४०
२६१।०८१।९।१६	ग्लोबल ट्रेड एण्ड कन्सर्न	८४०००	२५२०
	सन मुन मिडिया प्रा लि	१८९०००	५६७०
२२१।०८१।१०।१६	ग्लोबल ट्रेड एण्ड कन्सर्न	८९०००	२६७०
७८१।०८२।२।१६	भाइब्रेसन मिडिया	२१८०००	६५४०
जम्मा		६३८०००	१९१४०

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,८९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१९,१४०

९४ **उपभोक्ता समितिलाई भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार योजनाको निर्माण कार्यबापत उपभोक्ता समितिलाई भुक्तानी दिदा उल्लिखित रकम कट्टा गरी निम्नानुसार भुक्तानी दिनुपर्नेमा फरक रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

गोभौनं./मिति	**उपभोक्ता समिति र काम**	**सम्झौता रकम**	**कार्य सम्पन्न रकम**	**भुक्तानी हुनुपर्ने रकम**	**भुक्तानी भएको रकम**	**बढी भुक्तानी**
३०४-२०८२।३।२५	सिरसिरे डाडा पार्क निर्माण उ.स.वडा नं ९	५४२८६९.८७ (पालिकाको योगदान रु४८७५००)	५२४२३९.८८	४७०७७०	४८०७७०	१००००
२७२-२०८२।३।२४	विविध पुँजीगत: जगतमाया गाई फर्मउ.स. खानेपानी व्यवस्थापन	२७३०४४.४० (पालिकाको योगदान रु.२४३७५०)	२६८९८९.९६	२४०१३०	२४६२८८	६१५७
२६२-२०८२।३।२४	पाउदी मरणघाट संरक्षण उ.स.	८७०७३३.२७ (पालिकाको योगदान रु.७८००००)	८६०२०५	७७०५७०	७९०३२८	१९७५८
२४७-२०८२।३।२४	शैक्षिक तथा पुरातात्विक पूर्वाधार निर्माण उ.स.	५४५६०५.९५ (पालिकाको योगदान रु.४७५०००)	५४१३०४.८२	४७१२५५	४७५०००	३७४५
२४६-२०८२।३।२४	चनौटे कुलो निर्माण उ.स	१४३३१९.३८ (पालिकाको योगदान रु.१३१६२५)	११७७९२.८९	१०८१८१	११७७९४	९६१३
२१६-२०८२।३।२२	देउराली स्वास्थ्य चौकी अधुरो खानेपानी (ट्याङ्की मर्मत) उ.स	२१६९६२.०३ (पालिकाको योगदान रु.१९५०००)	२१६७८९.६६	१९४८४५	१९८८४५	४०००
२०३-२०८२।३।१९	पाल्लेपानी खत्रेठाँटी खानेपानी संरचना मर्मत उ.स	५१९१९.२८ (पालिकाको योगदान रु.४८७५०)	४८८९७.१९	४५९१२	४८८९७	४०८८

असुल गर्नुपर्ने	५७,३६१

९५ **हेभी इक्वीपमेन्टको प्रयोग**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य नै रोजगारी सिर्जना गर्ने र लाभग्राही समूदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ।सोही नियमावलीको नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित उपभोक्ताको जनश्रमदान नहुने अधिकांश सडकको ट्र्याक खोल्ने तथा स्तरोन्नति र खेलमैदान निर्माणसँग सम्बन्धित योजनामा प्राविधिकबाट मेशीन प्रयोग गर्दाको दररेटका आधारमा लागत अनुमान तयार एवं सम्झौता गरी उपभोक्ता समितिहरुले निर्माण व्यवसायीको डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरी विजक संलग्न गरी सोही

आधारमा पालिकाबाट भुक्तानी लिने गरेको देखियो ।नियमावलीको व्यवस्थाबमोजिम यस्ता योजनामा हेभी इक्वीपमेन्ट प्रयोग गर्दा नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिने गरेको देखिएन। उपभोक्ताको सहभागीता एवं जनश्रमदान प्रयोग नहुने यस्ता योजनाहरु प्रतिस्पर्धात्मक विधि अबलम्बन गरी निर्माण व्यवसायीमार्फत कार्य गराउनुपर्दछ ।

यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन ।

गोभौनं./मिति	**उपभोक्ता समितिको नाम**	**कामको विवरण**	**भुक्तानी रकम**	**प्रयोग गरेको हेभी उपकरण**	**बिल अनुसार हेभी उपकरणको खर्च**
३१०, ३२६, ११८९-२०८२।३।२५	गैराबारीदेखि दुरा सेवा समाज भवनसँग जोड्ने सडक निर्माण	सडक कटिङ्ग	५००८६८	जेसिबी (ब्रदर्श बिल्डर्स) इन्धनसमेत	५९७१६४
८९,२०६- २०८२।३।१९	खरिभञ्ज्याङ्ग बाँगेडाडा सडक स्तरोन्नती	सडक खन्ने तथा चौडा गर्ने	५६०३१३	जेसिबी इभ कन्सट्रक्सन	५८३०००
१८०- २०८२।३।१५	महेन्द्र मा वि को खेलमैदान निर्माण	खन्ने एवं सम्याउने	१९५०००	जेसिबी (भाडबेशी मनकामना कन्सट्रक्सन) इन्धनसमेत	२१५१४८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सुन्दरबजार नगरपालिका, लमजुङ , सुन्दरबजार नगरपालिका , लमजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Shishir paudel	२०८१-०४-०१	२०८१-०८-१८
कार्यालय प्रमुख	रमेश घर्ती	२०८१-०८-२०	हाल सम्म कार्यरत
लेखा प्रमुख	कल्पना पौडेल रेग्मी	२०८०-१२-२५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९९६,८९८	७,११५,८७०	६,१४०,३६६	०	०	३,९६५,४४४
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१८,२१८,५७८
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					३,९४६,७८५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१४,२७१,७९३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६५७३१२७१.०४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४५४२००४३४	चालु खर्च	४४६३१११०९.२६
प्रदेश सरकारबाट अनुदान	२०८६५०००	पूँजीगत खर्च	११९३२३४४८.९६
राजश्व बाँडफाँट	११४२७४९६९.५७	वित्तीय/अन्य व्यवस्था	२०३१४०७४४.२
आन्तरिक आय	१३६५८१०४		
अन्य आय	१८४५७७५९८.३१		
कुल आय	७८७५७६१०५.८८	कुल खर्च	७६८७७५३०२.४२
बाँकी मौज्दात		८४५३२०७४.५	

अनुसूची - २

सि.नं	लेखापरीक्षण	लेखापरीक्षण गरिएका विषय
1	**DPR** खर्च	खर्च परीक्षण
2	कृषि तथा पशुतर्फ	अनुदान
3	शिक्षा तर्फ	शिक्षातर्फ
4	तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा)	खर्च परीक्षण
5	पदाधिकारी सुविधा	खर्च परीक्षण
6	तालिम र कार्यक्रम खर्च	खर्च परीक्षण
7	कण्टिन्जेन्सी खर्च	खर्च परीक्षण
8	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
9	सामाजिक सुरक्षा	सामाजिक सुरक्षातर्फ
10	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम)	अनुदान
11	सफ्टवेयर खरिद र सञ्चालन खर्च	खर्च परीक्षण
12	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का व्यवस्थापन
13	अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने	उपभोक्ता समिति मार्फत कार्य
14	विविध खर्च	अनुत्पादक खर्च
15	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
16	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (साझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (साझै भुक्तानी)	जम्मा
११०००	कर		१०,७८,१९,८५२.६७	०	१०,७८,१९,८५२.६७	११,३०,६५,२१०.९२	०	११,३०,६५,२१०.९२
१३०००	अनुदान		४४,८९,२२,६५६.९७	०	४४,८९,२२,६५६.९७	४२,४७,०९,२९७.५५	०	४२,४७,०९,२९७.५५
१४०००	अन्य राजस्व		२,००,१२,२८८.९०	०	२,००,१२,२८८.९०	१,९२,९९,६९७.७९	०	१,९२,९९,६९७.७९
१५०००	विविध प्राप्ति		१,००,९३२.००	०	१,००,९३२.००	७,२२,८६५.००	०	७,२२,८६५.००
क	**कुल जम्मा प्राप्ति**		**५७,६८,५५,७३०.५४**		**५७,६८,५५,७३०.५४**	**५५,७७,९७,०७१.२६**		**५५,७७,९७,०७१.२६**
३	चालु		४४,६३,११,१०९.२६	०	४४,६३,११,१०९.२६	४५,१०,३७,८६५.९५	०	४५,१०,३७,८६५.९५
२१०००	पारिश्रमिक / सुविधा		३०,४१,७४,७०२.३१	०	३०,४१,७४,७०२.३१	२९,३८,७३,१८७.६६	०	२९,३८,७३,१८७.६६
२२०००	मालसामान तथा सेवाको उपयोग		८,३८,६२,९३७.४७	०	८,३८,६२,९३७.४७	१४,३७,३४,३५०.२९	०	१४,३७,३४,३५०.२९
२५०००	सहायता (Subsidy)		४,२९,९७,५२१.०८	०	४,२९,९७,५२१.०८	०	०	०
२६०००	अनुदान		२५,००,०००.००	०	२५,००,०००.००	०	०	०
२७०००	सामाजिक सुरक्षा		१,१५,६७,४५९.६०	०	१,१५,६७,४५९.६०	२६,०६,६५०.००	०	२६,०६,६५०.००
२८०००	अन्य खर्च		१२,०८,४८८.८०	०	१२,०८,४८८.८०	१,०८,२३,६७८.००	०	१,०८,२३,६७८.००
४	**पूंजीगत**		**११,९३,२३,४४८.९६**	**०**	**११,९३,२३,४४८.९६**	**१६,३४,८९,१३२.२२**	**०**	**१६,३४,८९,१३२.२२**
३१११०	भवन तथा संरचना		३,१४,३२,५०१.२०	०	३,१४,३२,५०१.२०	५,६५,७२७.००	०	५,६५,७२७.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३१,०३,७२२.००	०	३१,०३,७२२.००	३३,३९,६०२.००	०	३३,३९,६०२.००
३११३०	अन्य पूँजीगत खर्च		२,९८,३९५.००	०	२,९८,३९५.००	०	०	०
३११४०	सुरक्षा उपकरण		०	०	०	१९,८५,०००.००	०	१९,८५,०००.००
३११५०	सार्वजनिक		८,००,७२,७०५.०२	०	८,००,७२,७०५.०२	१५,७०,७०,८१८.२२	०	१५,७०,७०,८१८.२२

	निर्माण							
३११६०	निर्मितसरचनाको सुधार खर्च		२७,६०,२४५.७४	०	२७,६०,२४५.७४	५,२७,९८५.००	०	५,२७,९८५.००
३११७०	पूँजीगत सुधार खर्च		१६,५५,८८०.००	०	१६,५५,८८०.००	०	०	०
ख)	**कुल जम्मा भुक्तानी**		५६,५६,३४,५५८.२२		५६,५६,३४,५५८.२२	६१,४५,२६,९९८.१७		६१,४५,२६,९९८.१७
ग)	**बचत /कमी (ग = क-ख)**		१,१२,२१,१७२.३२		१,१२,२१,१७२.३२	(५,६७,२९,९२६.९१)		(५,६७,२९,९२६.९१)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**		४९,७३,७६३.२५		४९,७३,७६३.२५	८१,२२,३४२.६६		८१,२२,३४२.६६
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**		-३,७१६.००		-३,७१६.००			
ङ)	**यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)**		१,६१,९४,९३५.५७		१,६१,९४,९३५.५७	(४,८६,०७,५८४.२५)		(४,८६,०७,५८४.२५)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		६,८३,३३,४२२.९३		६,८३,३३,४२२.९३	११,४२,२८,८५५.२९		११,४२,२८,८५५.२९
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		८,४५,२८,३५८.५०		८,४५,२८,३५८.५०	६,५६,२१,२७१.०४		६,५६,२१,२७१.०४

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।